# पर्मेश्वरत्वको व्याख्या

धन्यवाद तपाईलाई, भाई कार्ल्सन। र प्रभुलाई सेवा गरिरहनुभएको तपाई सबै दाजुभाई दिदीबहिनीहरुलाई अभिवादन। यो एउटा...म कहिलेकाहि उठ्न अलिकति हिच्किचाउछु, जब म यस्ता अद्भूत गवाहिहरु सुन्दछु, र यस्तै अन्य, जस्तो मैले आज बिहान गरिरहेको छु। र त्यसपछि, जस्तो हाम्रा ब्याप्टिष्ट भाई र बहिनीले भोगेका थिए, त्यसमा एउटा सँगी नगरीकको रूपमा; पहिले एउटा—एउटा ब्याप्टिष्ट भएको नाताले, आफैमा, एउटा मिसनरी ब्याप्टिष्ट, र—र यो जानेर कि यसको अर्थ कति लाग्छ जब तपाईका मानिसहरु...

2 मसँग पनि एउटै कुरा थियो। मेरा आफ्नै मानिसहरुले मलाई बहिष्कार गरे, र तिनीहरुले म पागल भएको छु मलाई दूर पठाउने भनि सोचे। र मैले पाएँ, र मैले प्रायः यसलाई अलिकति घुमाउरो तरिकाले भनेको छु, “यदि म पागल हुँ भने, मलाई एक्लै छोडिदिनुहोस्, किनभने म आफ्नो सहि दिमागमा भन्दा यो तरिकामा नै खुसी छु।” त्यसैले त्यो सानो दर्शन हो जुन मैले धारण गर्छु, मेरो आफ्नै। र—र म निश्चित रुपमा आनन्द लिईरहेको छु यो—यो समय यो तरिकामा हुँदा।

3 र यहाँ सानो ख्रीष्टको मण्डलीको भाई यहाँ हुनुहुन्छ, जस्तो हामीले प्रायः यसलाई भन्ने गर्छौं, वा क्याम्पबेलाईट। र मलाई याद छ हामीले पहिलो पटका शुरू गर्दा तिनीहरु निश्चित रूपमा सभाको विरुद्धमा कडा प्रहार गर्नेहरु थिए। तर, तपाईलाई थाहा छ, हामीसँग पावल नामको एकजना एक पटक त्यस्तै थियो, र उहाँ हामी मध्ये एक हुनुभयो। त्यसैले, त्यो सत्य हो। मलाई लाग्छ कि तिनीहरुले सामान्यतया तपाईले जिउनुभएको जीवन हेर्दछन्। तपाईलाई थाहा छ, कुनै पनि समयमा, मलाई एउटा प्रचार भन्दा प्रवचन जिएको राम्रो हुन्छ। म...

4 केहि समय अगाडि, एउटा महान सेवक, राम्रो पूर्ण सुसमाचारीय मान्छे, तपाईहरु सबै—सबैजनालाई थाहा छ, मलाई लाग्छ, उहाँ रेभ. बुथ–क्लिब्बोर्न हुनुहुन्छ, उहाँले सुसमाचार सात भिन्न भाषाहरुमा प्रचार गर्नुहुन्छ। उहाँ बुद्धिमान हुनुहुन्छ। र म...उहाँ एउटा बुद्धिमान मानिस हुनुहुन्छ। र हामीहरु एक समय सँगै गईरहेका थियौ, र उहाँ र भाई मूर र म, र हामीले

केहि कुराको छलफल गर्दैथियौं। र म उहाँको विपरित पक्षमा थियो, र उहाँले मलाई वरपर हेर्नुभयो। उहाँले भन्नुभयो, "तपाईलाई तपाईको आफ्नो बाईबल थाहा छैन।" तपाईलाई थाहा छ कसरी भाई बुथले यो कुरा भन्न सक्नुहुन्छ भनि।

5 मैले भने, "त्यो सत्य हो, भाई बुथ, तर म लेखक राम्ररी चिन्छु।" त्यसले, त्यसैले म—म चाहन्छु...तपाईलाई थाहा छ, उहाँको वचन जीवन हो भनेर थाहा नपाउनु, तर, "उहाँलाई चिन्नुभनेको जीवन हो।" त्यो सहि हो। बुझ्नुभयो? चाहे म उहाँको वचन चिन्छु या चिन्दिन; यदि मैले उहाँलाई चिनेको भए! र त्यो निश्चित रूपमा सत्य हो।

6 म थिए, यस बिहानी, यस राम्रो संगतिमा यहाँ, सेवकहरुसँग हात मिलाउदै। र यहाँ बसेर त्यहाँ यो थियो...म कसैलाई विशिष्ट बनाउन खोजेको होइन। तर यो अश्वेत मानिस भित्र आउनुहुन्छ, भाई, त्यहाँ तल बस्नुहुन्छ। मैले यहाँ मेरो सचिवलाई भने, "त्यहाँ एक वास्तविक इसाई हुनुहुन्छ।"

7 तपाईले मलाई एल्डर स्मिथको धेरै सम्झना दिनुहुन्छ जो ख्रीष्टमा एक परमेश्वरको मण्डली हुनुहुन्थ्यो, म विश्वास गर्छु। मैले त्यहाँ तिनीहरुको लागि धेरै प्रचार गर्थे, र—र म उहाँलाई अझै देख्न सक्छु। उहाँ यहाँ भाई जस्तो देखिनुहुन्थ्यो, केवल उहाँसँग एक प्रकारको खैरो जुँगा थियो। म पछाडिको ढोकामा आउने गर्थे, र म कहिल्यै पनि त्यो अभिव्यक्ति भुल्दिन जुन त्यस वृद्ध मानिसले भन्ने गर्नुहुन्थ्यो; माथि हेर्नुहोस्, र सबै सन्तहरु गाउदै गर्नुहुन्थ्यो, तपाईलाई थाहा छ, र त्यहाँ एउटा सानी केटि थिईन्, हुने गर्थिन्, जो कुनामा बस्थिन्। मेरो मनपर्ने गीत *उहाँलाई उचालौं* थियो। उनीहरु सबैले आफ्नो हातहरु उचाल्थे, पेन्टिकोष्टल शैलीमा, तपाईलाई थाहा छ, *उहाँलाई उचालौं।* उनीहरुले मलाई माया गरे, र मैले उहाँहरुलाई माया गरे। र जब हामी भित्र छिर्थ्यौं (उहाँ त्यहाँनिर बस्ने गर्नुहुन्थ्यो, उहाँ शिर *यसरी*, मेचमा राखेर, र केवल उनीहरुलाई हेर्नुहुन्थ्यो, तपाईलाई थाहा छ।), उहाँले भन्नुहुन्छ, "भित्र आउनुहोस्, एल्डर। तपाईको टोपी राख्नुहोस्।" "आराम गर्नुहोस्" होइन। "तपाईको टोपी राख्नुहोस्।"

8 यहाँ भाई; र मैले सिके, त्यसपछि, मलाई मनपर्ने सुसमाचारीय गायिका मध्ये एक उहाँकि पत्नी हुनुहुन्छ। र मैले उहाँलाई गीत गाउनको लागि, मैले सक्ने सबै संकेतहरु गरे। र, त्यसपछि, उहाँले नबोलाउनको निम्ति

भन्नुभयो, र त्यसको अर्थ के हो मलाई थाहा छ। तर म उहाँलाई व्यक्तिगत रूपमा आमन्त्रित गर्नेवाला छु, यहाँ आएर आउनको निम्ति, यदि उहाँ सक्नुहुन्छ भने।

9 ठिक छ, के तपाई त्यो बहिनी होइन र जसले—जसले त्यो गाउनुभयो, *जहाज एहोए*, एक बिहान ख्रीष्टियन बिजनेस मेनको मा, अहिले? [बहिनीले भन्नुहुन्छ, "हो, श्रीमान। हो।"—सम्पा।] मलाई आशा छ कि मेरी श्रीमती यस हप्ता उठ्नेछिन्, र तपाईले गाउनुभएको उनले सुनेको म चाहन्छु, किनकि मैले यति धेरै गर्व गरी भनेको छु। र यदि तपाईले त्यो टेपमा छुट्टाउनुभएको छ भने, हामीहरु यसलाई मिलाउनेछौ। मलाई त्यो राम्रो गायकी मनपर्छ।

10 र, मैले मानिसहरुलाई भन्ने गर्थें, म—म कहिल्यै गाउन सक्दिन। ओ, मेरो, म त्यसबाट मिलियन मिल टाढा छु। तर मैले भने, "यदि तपाई कहिल्यै स्वर्गमा पुग्नुभयो र तपाईको विशाल दरबारमा बस्नुभयो भने, तपाईलाई थाहा छ, त्यहाँ माथि," मैले भने, "टाढा पहाडको फेदमा, पछाडि त्यहाँ जंगलमा, त्यहाँ एउटा सानो घर बसेको छ। त्यो मेरो हुनेछ। र यी मध्ये एक बिहानी जब तपाई आँगनमा बाहिर निस्किनुहुन्छ र कोहि त्यहाँ माथि उभिरहेको सुन्नुहुन्छ, गाउँदै, 'अद्भूत अनुग्रह! कति मिठो ध्वनि, जसले म जस्तो निचलाई बचायो!' तपाई भन्नुहुन्छ, 'परमेश्वरको महिमा होस्! बुढो भाई ब्रन्हामले अन्ततः पूरा गर्नुभयो।'" त्यो पारी त्यहाँ सुनिरहेको हुनेछ, गाउने प्रयास गर्दै।

11 मेरा इसाई दाजुभाईहरुलाई, र...मलाई विश्वास छ कि आज बिहान एउटा भाईले, उहाँलाई हामीसँग परिचय गराउनुभयो, एउटा बुद्धको सेवकको रूपमा, यहाँनिर। तपाईलाई अभिवादन, मेरो अनमोल मित्र। र मैले धेरै व्यवहारहरु गरेको छु, एकदमै धेरै त होइन, तर केहि बुद्धका मानिसहरुसँग; र विशेष गरी क्यानडामा, यी चिनियाँ मानिसहरुको माझमा, र उहाँहरु धेरै नै प्रेमिलो र मिठो पाएको छु।

12 मलाई सम्झना छ बुद्धको मन्दिरबाट एउटा सानो बुद्ध धर्मावलम्बी, विन्नीपेगको सभामा आउनुभयो, र उहाँ दृष्टिविहिन हुनुहुन्थ्यो। एकदमै सानो, प्यारो सानो मान्छे, र उहाँहरुले निश्चय नै परमेश्वर चंगाईदाता हुनुहुन्छ भनि विश्वास गर्नुभएको थियो। र उहाँको लागि प्रार्थना गर्दै गर्दा, र उहाँले त्यसलाई दोहोर्याईरहनुभएको थियो, उहाँले यति परमेश्वरलाई

प्रेम गर्नुहुन्थ्यो, र एकैपटकमा उहाँको आँखा खुल्यो, भित्र...र यो यति एउटा—एउटा अद्भूत कुरा थियो। त्यसैले, हामी—हामी प्रत्येक मानिस र प्रत्येक व्यक्तिलाई कदर गर्छौं।

13 अब, मैले शिकागोमा बोल्ने, कोशिष, गर्ने अवसर पहिले पाएको थिएन...जुन, म कुनै निश्चित सन्देश ल्याउने कोशिष गर्दिन, यहाँका सेवकहरु एउटा सन्देश ल्याउन, मभन्दा धेरै समक्ष हुनुभएको कारणले गर्दा। तर, र आखिरमा, तपाई यहाँ सन्देश सुन्नको लागि हुनुहुन्न। तर मैले सोचे कि म शिकागोका सेवकहरुलाई भेट्नसक्ने यो एउटा सबैभन्दा गौरबशाली समय हुनसक्छ, यस जिल्लामा यहाँ, र उहाँहरुसँग थप परिचित हुनसक्छु, र हामीहरु एकअर्कामा अझै धेरै परिचित हुनसक्छौ। र यस अवसरको लागि म परमेश्वरलाई निश्चय नै धन्यवाद दिन्छु। किनभने, म यस शहरमा यहाँ धेरै पटक आएको छु, एउटा मण्डलीको प्रायोजन अन्तर्गत, र ख्रिष्टियन बिजनेसमेनको प्रायोजनमा, त्यसैकारणले, दाजुभाईहरुको समीतिमा आफूलाई व्यक्त गर्ने मौका पाईन।

14 र—र त्यसपछि मैले सोचे, र त्यहाँ यति धेरै छन् जुन सधै यस प्रकारको एउटा सेवकाईलाई पछ्याईरहन्छ, भित्र र बाहिर, र उत्तार र चढावको, तबसम्म कि कुनै बेला कसैले यो एउटा गलत छाप बस्न सजिलो बन्दछ। र म यसलाई व्याख्या गर्न प्रयास गर्न र—र मेरा दाजुभाईहरुलाई यो स्पष्ट पर्न आउने केहि मिनेट लिन चाहन्छु, जत्ति मलाई स्पष्ट पार्न आउछ सो पार्नेछु।

15 र म—म शायद शिक्षित मानिसहरुको लागि गम्भीर देखिने खालको एउटा—एउटा कुरा गर्न अपर्याप्त र असक्षम छु। म सँग शिक्षा छैन, र मसँग त्यसको अभाव छ। तर म...प्रभुलाई प्रेम गर्छु। र प्रभुले मलाई दिनुभयो, शायद, प्राणहरु बचाउन अर्को तरिका दिनुभयो, दिव्य चंगाईद्वारा, ताकी यसले त्यो खाली ठाउँ भर्न सक्छ जुन कुरा मेरो अभिभावकहरुले मलाई दिन सक्षम हुनुभएन, शिक्षा। एउटा गरीब परिवारको घरबाट, र दसजना बालबच्चा, र एउटा बिरामी बुवा भएकोले, मैले मेरो शिक्षा पाउने मौका पाईन। त्यसैले त्यसपछि, जन्ममा, त्यहाँ केहि कुरा भएको थियो कि...परमेश्वरसँग एउटा अनुभव, मेरो आमा र बुवाको। र तपाईले मेरो कथा पढ्नुभएको छ। र, त्यसद्वारा, पापीहरुलाई ख्रीष्टसम्म खिच्नको लागि, तपाई दाजुभाईहरुसँग, म मेरो भाग राख्ने कोशिष गर्छु। र अब म...

16 म अन्धोविश्वासी होइन। तर म सधै, वचन खोल्नभन्दा पहिले, मलाई लेखकसँग थोरै बोल्न मन पर्छ। र के हामी एक क्षणको लागि फेरी पनि आफ्ना शिरहरु झुकाउन सक्छौ।

17 हाम्रो अनमोल पिता, तपाई हाम्रो परमेश्वर हुनुहुन्छ, र हामी तपाई तर्फ सुसमाचारको पक्षबाट आउदैछौ। म यहाँ तपाईको छोराछोरी, तपाईको पाष्टर, र उस्तै आमूल्य विश्वास सहितको दाजूभाईहरुको अगाडि छु। र गलत भुझिएर, संस्थाहरुमा पठाईएका यी मानिसहरुलाई सुन्दा मेरो हृदय कत्ति रोमान्चित हुन्छ, परमेश्वरको राज्यको खातिर; तपाईले आफ्ना छोराछोरीहरुलाई अन्तिम दिनहरुमा बोलाउनुभएको देखेर।

18 र हामी साच्चै नै विश्वास गर्छौं, पिता, कि हामीहरु दौडको अन्त्यमा जिईरहेका छौ। जसरी अगमवक्ताले भन्नुभएको थियो, “साँझको समयमा यो उज्यालो हुनेछ।” र यो विश्वास गरेर कि हामी यो महान सुसमाचारको ज्योतिका बाहकहरु हौ, तपाईको अनुग्रहद्धारा, तपाईले हामीलाई पृथ्वीको अन्त्यसम्म बोक्नको लागि अनुमति दिनुभएको छ, जहाँ यो जागृति गएको छ।

19 र म प्रार्थना गर्दछु, पिता, कि, मेरो हृदय देखि, कि तपाईले मेरा भाईहरु व्यक्त गर्न दिनुहुनेछ, यस बिहानमा, तपाईमा मेरो जीवनको उदेश्य र ध्यान, ताकी उहाँहरुले यो बुझ्न सकून्। यो प्रदान गर्नुहोस्, ताकी सबै सुसमाचारका कामहरुमा, हामीसँग सिद्ध प्रेम, र संगति, र सह–कार्य हुनसकोस्। किनकि हामी यो येशूको नामममा माग्दछौ, जसले त्यो प्रार्थना गर्नुभयो ताकी हामी एक हुन सकौँ, जसरी उहाँ र पिता एक हुनुहुन्छ। यो विश्वास गरेर, कि, “यो सबै मानिसहरुले थाहा पाउनेछन् कि तिमीहरु मेरा चेलाहरु हौँ, जब तिमीहरुमा एकअर्काको लागि, प्रेम रहन्छ।” आमेन।

20 अब मात्र...र म आशा र भरोसा गर्दछु कि म तपाई दाजुभाई र दिदीबहिनीहरुलाई झन्झटमा पार्न चाहन्न, यसमा। र मलाई लाग्छ कि म आफैलाई स्पष्ट पार्न चाहन्छु, ताकी अरु कसैले भनेको तपाईले सुन्नु नपरोस्। र मैले धेरै पटक, अन्य सेवकहरुको सभाहरुमा व्याख्या गरेको छु, तर शिकागोको समूहमा मेरो यो पहिलो पल्ट हो, र म जे गर्ने प्रयास गर्दैछु, त्यो म आफैलाई वास्तविक रूपमा चिनाउन चाहन्छु।

21 यहाँ पुरानो आशिषित सुसमाचारमा, प्रेरितको पुस्तक २६ औ अध्याय, हामी पढ्छौ:

*कहाँनिर, ओ राजा अग्रिप्पा, म स्वर्गीय दर्शनको अनाज्ञाकारी भएको छैन:*

22 यो, पक्कै पनि, पावलले बोलिरहेका छन्। जुन, हामी सब, सेवकको रूपमा, उहाँलाई संकेत गर्न मन पराउँछौ, किनभने उहाँ...हामी, एक सहमतिमा, विश्वास गर्छौ कि उनी अन्यजातीको मण्डलीको लागि प्रेरित थिए, कि परमेश्वरले उनलाई अन्यजातीहरुको लागि एउटा—एउटा साक्षी हुनको निम्ति बोलाउनुभयो। र उहाँको सेवकाईमा प्रश्न उठाईएको थियो।

23 र सामान्यतया, कुनै पनि असामान्य कुरा देखा पर्छ, त्यो प्रश्नमा बोलाईन्छ। यो, र मलाई लाग्छ त्यो एकदम ठिक हो; यो प्रश्नमा बोलाईनुपर्छ। र मलाई लाग्छ कुनै कुनै बेला पाष्टरहरु—आफूले सुनेका कुरामा संकास्पद हुन्छन्, र उहाँहरुसँग हुन पाउने अधिकार पनि छ। किनभने, यदि मैले *पाष्टर* शब्दको अनुवाद बुझेको छु भने, त्यसको अर्थ हो "गोठालो।" र, त्यसैले, उहाँ एउटा—एउटा—एउटा खुवाउनेवाला हो, वा एक गोठालो, ती पुरुष र महिलाहरुको सामूहलाई जसको पवित्र आत्माले उहाँलाई निरिक्षक बनाउनुभएको छ। र उहाँसँग भेडाले कस्तो खालको खाना पाउदैछ, र यो कहाँबाट आउदैछ भनेर जान्ने अधिकार हुन्छ। मलाई लाग्छ उहाँसँग यसमा अधिकार छ।

24 र यदि एउटा पाष्टर, वा केहि मानिस, थोरै संखालु बनेको देख्छ भने, त्यसले, कहिल्यै पनि, कसैलाई पनि समस्या पार्नुहुदैन। यसले केवल मानिसको हृदय सम्मान ल्याउनुपर्दछ, त्यस मानिसको लागि, जो उभिरहेको छ, जसले यसलाई प्रश्न गर्नेछ। र, आखिरमा, यदि तपाई ठिक तरिकाले पंक्तिबद्ध हुनुहुन्छ भन्ने कुरामा निश्चित हुनुहुन्न भने, तपाई कसरी विश्वासमा हिड्न सक्नुहुन्छ?

25 यदि तपाईले आफ्नो दिमागमा राख्नुभयो...अब, यो मनोविज्ञान जस्तो देखिन्छ; जुन यो सम्भवत हो, र यो हो नै, तर यो सबै ठिकै छ। तर तपाई केवल साचै नै, तपाईको हृदयबाट, तपाईले टेबलबाट कहिल्यै उठाउनुहुनेछैन भनि सोच्नुहुन्छ, सम्भवतः तपाईले गर्नुहुनेछैन। हेर्नुहोस्? तपाईले पाउनुभयो...त्यो यति सरल छ।

26 तपाईले विश्वास गर्नुपर्दछ। तपाईमा विश्वास हुनुपर्दछ। तपाईमा आत्मविश्वास हुनुपर्दछ। र जहाँ तपाईलाई नै थाहा छैन तपाई कहाँ जाँदै हुनुहुन्छ भनि—त्यसमा तपाई कसरी आत्मविश्वास राख्न सक्नुहुन्छ?

कसरी म त्यो बाटोमा डरलाग्दो गतिमा, र चारैतिर घुमेर, यात्रा गर्न सक्छु जहाँ म कहिल्यै अगाडि गएको छैन, थाहा समेत छैन कि अर्को घुमाउरोले कस्तो स्थिति राखेको छ? तपाई कहाँ जाँदै हुनुहुन्छ भनि तपाईले हेर्नुपर्दछ, वा तपाईलाई थाहा नै छैन कसरी हिड्ने भनेर। र सबै जना त्यहि तरिकामा हुनुपर्दछ। र जब तपाई सक्नुहुन्छ, तपाई यो देख्नुहुन्छ, यो तपाईलाई प्रकट गरिएको छ, र तपाईलाई थाहा छ तपाई कहाँ जादैहुनुहुन्छ, तब केहिले पनि तपाईलाई रोक्न सक्दैन।

27 र त्यो, मलाई लाग्छ, पावल, यहि नै उनले अग्रिप्पालाई बुझाउने कोशिष गर्दैथिए। कि, उनले—उनले तिनीहरुलाई त्यो भने, "कुनै बेला म तिमीहरु मध्येको एक थिए।"

28 र मलाई लाग्छ, शायद, यदि—यदि यो ब्याप्टिष्ट भाई, र आज बिहान ब्याप्टिष्ट मण्डलीमा जान सक्नुहुन्छ, उहाँ र उहाँको पत्नी, त्यो शायद उहाँहरुको गवाहि हुनेछ। "म—म एकपटक तपाईहरु मध्ये एक थिए।"

29 वा, ख्रीष्टको मण्डली, वा—यहाँ क्याम्पबेलिट भाई, उहाँका—मानिसहरुकोमा जानुहुनेछ। मलाई विश्वास छ कि यस्लाईए उत्तम नाम भनिन्छ; ख्रीष्टका चेलाहरु, तिनीहरुले यो बोलाउछन्, तर यो साच्चै नै एलेक्जेन्डर क्याम्पबेल सिद्धान्तको लागि हो। र त्यसपछि ख्रीष्टको मण्डलीले संगीतको कारणले, तपाईबाट निकाल्यो। त्यो सिह हो, होइन र? र यदि उहाँ तिनीहरुकहाँ फर्कन सक्नुहुन्थ्यो भने, उहाँले भन्नुहुनेछ, "कुनै समय म तपाईहरु मध्ये एक थिए।"

30 र पावल यहाँ राजा अग्रिप्पा, र फेस्तसकहाँ फर्केर गए, र भने, "कुनै समय म तपाई मध्ये एक थिए। म फरिसीहरुको फरिसी थिएँ।" उनी महान शिक्षक, गमालिएलको अधीनमा आए, र उनलाई सबै तिनीहरुको निती र नियमहरु. र तिनीहरुले के विश्वास गर्छन् र के तिनीहरुले विश्वास गर्दैनन् सबै थाहा थियो। र भने, "मैले समेत परमेश्वरको मण्डलीलाई मृत्युसम्म सताएँ।" बुझ्नुभयो? उनले भने, "जुन कुराको बारेमा मलाई प्रश्न छ, म त्यसैको सतावट गर्ने व्यक्ति थिए।"

31 र मैले सधै सोचेको छु कि स्टेफनको मृत्युको दोष पावलमा भएको हुनुपर्छ, किनभने जब उनले स्टेफनको अनुहारमा त्यो माहिमाको नजर देखे। जब उनले माथि हेरे, धेरैले उनलाई पिटेर मारे, र उनले भने, "म येशूलाई परमेश्वरको दाहिने हातपट्टि उभिरहेको देख्छु।" र तपाईलाई थाहा

छ, तपाईले एउटा सन्देशवाहकलाई मार्न सक्नुहुन्छ, तर तपाईले कहिल्यै पनि उहाँको सन्देशलाई मार्न सक्नुहुन्न। र सन्देश, यद्धपि स्टेफन येशूसँग उभिनको लागि गएका थिए, तैपनि, उनको सन्देश जारी रह्यो, किनकि पावलले यसको बारेमा बोलि नै रहे, र, के, उनी तिनीहरु मध्येमा "तुच्छ" थिए, र ती मध्ये एक बोलाईनको लागि योग्य थिएनन्, किनभने उनले साक्षी दिएका थिए र—र यस ईश्वरभक्त व्यक्तिलाई मार्नको निम्ति अनुमति दिएका थिए।

32 र त्यसैकारणले, पावल, सबै मानिसहरु जस्तै पहिले मानिसहरु गर्न पर्ने खालको, उनले आफ्नो—आफ्नो अनुभव लिए, फर्केर, शुरूबाट, जो उनी थिए; र तब यसलाई राख्थे र धर्मशास्त्रमा आधारित बनाउथे, यो देखाउनको लागि कि उनले जे गरिरहेका थिए त्यो धर्मशास्त्र अनुरुप छ। यद्धपि यो तिनीहरुको विश्वासको विपरित थियो, तैपनि उनले तिनीहरुलाई यो धर्मशास्त्र अनुरुप छ भनि देखाउदै थिए।

33 त्यसैकारणले, मलाई लाग्छ कि हामी...कुनै पनि कुरा, जसरी मैले धेरैजसो भनेको छु, दाजुभाई, तपाईहरु जो सभाहरुमा हुनुहुन्थ्यो, कि, यदि मैले कुनै पनि कुराहरु बोलिरहेको भेट्नुहुन्छ जुन धर्मशास्त्र अनुसार छैन, तब मलाई लाग्छ कि यो सत्य हो कि...वा अरु कुनै भाई, हामीहरु एकअर्का आउनुपर्छ र भन्छौ, "त्यो बाईबलमा पाईदैन," तपाई देख्नुहुन्छ। यदि यो बाईबलमा छ भने, तपाईसँग फरक व्याख्या हुनसक्छ; तर, यो, यदि यो धर्मशास्त्रमा छ भने, ठिक छ।

34 अब, पावलले अगमवक्ताले के भनेका थिए, र के मोशाले भनेका थिए, त्यो पूरा भईरहेको छ भन्ने कुराको व्याख्या दिईरहेका थिए। र उनले बाटोमा येशूलाई भेटे, एउटा दर्शनमा। र यस येशूले उनलाई बोलाउनुभयो।

35 जुन, ती यहूदीहरुको लागि गाह्रो कुरा हुन नपर्नेथियो, जस्तो उनले भने, "एकदम महान फेस्तस," र—र त्यस्तै नै, कि यो..."के परमेश्वरले मरेकाहरुलाई जीवित पार्नुहुनेछ भन्ने कुरामा तपाईलाई अचम्म लाग्छ?" बुझ्नुभयो? "किनभने यदि तपाईलाई थाहा छ कि परमेश्वरले के गर्नुभएको थियो, धर्म—धर्मशास्त्रबाट, निश्चय नै तपाईलाई थाहा छ कि उहाँले मरेकाहरुलाई जीवित पार्न सक्षम हुनुहुन्छ।"

36 र त्यसपछि उनले भने, उहाँले तिनीहरुलाई उनको दमास्कसको बाटोमा अनुभव दिनुभयो, के भयो भनेर, कि, तिनीहरुलाई यो थाहा दिनको

लागि कि यस येशू जसलाई—जसलाई तिनीहरुले उहाँको बारेमा प्रचार गरेकोमा धेरै हलचल मचाईरहेका थिए, उहाँ उही नै परमेश्वर हुनुहुन्थ्यो जसलाई तिनीहरुले सधै सेवा गरिरहेका थिए। किनभने, उहाँ तिनीहरुसँग उजाडस्थानमा हुनुहुन्थ्यो, जसले तिनीहरुलाई अगुवाई गर्नुभोय, त्यो ज्योति भएर; आगो, आगोको स्तम्भ जसले तिनीहरुलाई अगुवाई गर्नुभयो। र उहाँ पावलकहाँ उही तरिकाले देखा पर्नुभयो, फेरी ज्योति सहित, जसले उनलाई अन्धा बनायो। र उनले भने, "तपाई को हुनुहुन्छ, प्रभु?"

37 र उहाँले भन्नुभयो, "म येशू हुँ, जसलाई तिमीले सताईरहेको छौ। र यो उहाँको विरुद्धमा आउनु बेक्कार थियो।"

38 र उनले तिनीहरुलाई यो के थियो भनि बुझाउन खोज्दै थिए, र—र उनले तिनीहरुलाई त्यो सिकाउन खोज्दै थियो, जुन उनले मानिसहरुलाई प्रस्तुत गर्दै थिए, जुन थियो, कि, "येशू ख्रीष्ट मसिह हुनुहुन्थ्यो," र त्यो, "उहाँ मर्नुभयो, र परमेश्वरले उहाँलाई जीवित पार्नुभोय।" र त्यो धर्मशास्त्र अनुसार थियो। र त्यो, "उहाँ अब उच्चामा, पिता परमेश्वरकहाँ जानुभएको छ," र त्यो—त्यो उनी उहाँको पुनरुत्थानको साक्षी थिए। र, त्यो, यी अचम्मका कामहरु, र चिन्हहरु, र आश्चर्यहरु, जुन मानिसहरुको लागि अनौठो थियो, एक वास्तविक रुपमा, धर्मशास्त्रको विश्वासीहरुको लागि नयाँ थिएन, किनभने बाईबलले यसको बारेमा बोलेको थियो।

39 पछाडि अगमवक्ताहरुमा हेर्नुहोस्, कसरी यसले अगमवाणी बोल्यो, के, मसिहको आगमनमा, र उहाँले के गर्नुहुनेछ, "लंगडा हिरण जसरी उफ्रिने छ," यशैया ३५ मा र अन्य धर्मशास्त्रहरु उनले उल्लेख गर्न सक्थे। हामीसँग यहाँ लेखिएको छैन, तर शायद फिर्ता गैर राजाहरुको सामु आफ्नो छोटो भाषण उल्लेख गर्दै; किनभने, तिनीहरु शायद उनीसँग उत्तिको धैर्यवान हुनेथिएनन् जत्ति तपाई मसँग हुनुहुन्छ। त्यसैले, र त्यसपछि उनले—उनले यो व्याख्या गर्दै थिए, र भन्न खोज्दै थिए कि उही परमेश्वर जसलाई तिनीहरुले सेवा गर्दै थिए...

40 र त्यसपछि, फेरी, उनले भने, "जुन तरिकामा त्यो *झुटा धर्म* भनिएको थियो," त्यो. "पागल" थियो, बुझ्नुभयो। "जुन तरिकामा त्यसलाई झुटा धर्म भनिएको थियो, त्यहि नै तरिकामा मैले परमेश्वरअली पूज्छु जुन तरिकामा तपाईहरुले पुज्नुहुन्छ।" हेर्नुहोस्, "जुन तरिकामा त्यसलाई झुटा धर्म भनिएको छ।"

41 म निश्चित छु कि, आज, यदि हामी पूर्व मण्डलीसँग खडा हुन्छौ जहाँ हामी हुने गथ्र्यौ, जस्तो कि प्रेस्बिटेरियन, क्याथोलिक, ब्याप्टिष्ट, र अन्य अरु, हामीले ती मानिसहरुलाई उही साक्षी भन्न सक्छौ जसले भन्छन् कि तिनीहरु चाहन्छन्, जस्तो, यसले भाईलाई मनोरोगीको कक्षमा राख्छ, वा केहि त्यस्तै कुरामा राख्छ। "जुन तरिकामा त्यसलाई झुटा धर्म भनिएको छ, त्यहि तरिकामा नै मैले हाम्रा पूर्खाहरुको परमेश्वरलाई पुज्दछु।"

42 र त्यो अग्रिप्पाको अगाडि कस्तो महान गवाहि थियो, यहाँसम्म कि जुन उनको भाषणको बीचमा थियो, अग्रिप्पा कराए, र भने, "पावल, शाऊल, तिमीले मलाई लगभग एउटा इसाई हुन मनायौ।" हेर्नुहोस्, कसरी, उनले धर्मशास्त्रलाई यति स्पष्ट ल्याए, तरै पनि यो उनको आफ्नै सिनागोगको विपरित थियो। तर धर्मशास्त्रहरु यति सिद्ध रूपमा स्पष्ट थियो, कि उनले भने, "तिमीले झन्डै मलाई तिमी जस्तै हुने बनायौ।"

43 पावलले भने, "म चाहन्छु कि, तपाई पूरै हुनुभएको होस्, केवल म त्यो तपाईलाई त्यो सिक्रीमा भएको चाहन्न जुनमा म छु," तपाई देख्नुहुन्छ, तर उनी जस्तै विश्वासी भएको चाहि चाहन्थे। अर्को शब्दमा भन्दा, यदि म... "म परमेश्वरमा कामना गर्छु कि तपाईले प्रकाश उही तरिकामा देख्नुभएको होस् जस्तो—मैले यो देखेको छु।" अर्को शब्दमा भन्दा, "म—म चाहन्छु कि तपाईले यो गर्न सकेको होस्।" बुझ्नुभयो? "म केवल तपाईले यो गर्नुभएको होस् भनि चाहन्छु।"

44 जब फेस्तस, म विश्वास गर्छु, उनलाई भने कि उनले "धेरै नै अध्ययन गरे," कि उनी "पागल" भएका छन्। तर उनले तिनलाई थाहा दिलाए कि उनी—उनी पागल थिएनन्; कि उनलाई—उनलाई थाहा थियो कि उनी कहाँ थिए भनि।

45 र म यो भन्छु, यस बिहान, दाजुभाईहरु। म पूर्ण रूपमा कामना गर्छु कि म शायद...पावलको जीवनलाई संकेत गर्दै होइन, तर केवल थोरै आधारभूत कुरा गर्नको लागि। किनकि, त्यहाँ धेरैजना छन् जसले शायद यस बिहान बोल्नुहुनेछ, तर म यो अवसर यो भन्नको लागि चाहन्छु। अब म चाहन्छु कि हरेक भिन्न मण्डलीहरु, जस्तो मैले तपाई तल जान्दा सुनेको थिए, बेथेल टेम्पल, स्वतन्त्र, परमेश्वरको मण्डली, र अन्य भिन्नहरु...कि म चाहन्छु कि तपाईहरुले एकसाथ त्यो देख्न सक्नुभएको होस् जुन मैले देख्छु; कि तपाईले देख्नुभएको होस्। म चाहन्छु कि मैले देखेको दर्शन

तपाईले देख्न सक्नुभएको होस्, तब यस सेवकाईको, तपाईमा एउटा स्पष्ट बुझाई हुनेछ।

46 जब मैले ब्याप्टिष्ट मण्डली छोडे, पेन्टिकोष्टमा आउनको लागि; र डा. रोयई. डेभिस, जसले मलाई मिसनरी ब्याप्टिष्ट मण्डलीमा नियुक्त गर्नुभयो, मलाई भने कि मैले एउटा दुःस्वप्न देखेको छु, जब परमप्रभुको दर्शन आयो र—र मसँग बोल्यो। र—र त्यो बेलामा चंगाई के थियो तपाईलाई थाहा छ, यो तल्लो स्थितिमा थियो।

47 र—र मलाई पेन्टिकोष्टलहरुको बारेमा केहि पनि थाहा थिएन। मैले सुनेको तिनीहरु एउटा पवित्र–भनाउदाहरुको एउटा झुण्ड थियो जो भुइँमा लडिबुडी गर्छ र पागल कुकुर जस्तै डुल्छ, र तिनीहरुले उनीहरुलाई हम्काईदिनुपर्छ र चेतनामा फर्काउनुपर्थ्यो, र सबै त्यस्तै नै थियो। त्यति नै मात्रै मलाई पेन्टिकोष्टल मानिसहरुको बारेमा थाहा थियो।

उहाँले भन्नुभयो, "कसले तपाईलाई सुन्छ होला?"

48 मैले भने, "यदि परमेश्वरले मलाई पठाउनुभएको हो भने, त्यहाँ कतै र कोहि उहाँले मकहाँ पठाउदै हुनुहुन्छ।" त्यो सहि हो। बुझ्नुभयो? "किनकि," मैले भने, "डा. डेभिस," मैले भने, "उहाँ उत्तिकै सच्चा हुनुहुन्थ्यो; म उठे र उहाँलाई हेरे," मैले भने। तिनीहरुले मलाई भने कि त्यो दर्शनहरु...

49 म एउटा ठूलो विश्वासी हुँ, दाजुभाई, कि—कि वरदानहरु र बोलावटहरु पश्चाताप बिना हो। म—म त्यो विश्वास गर्छु। तपाई जन्मिनुभयो, तपाई जो हुनुहुन्न त्यो तपाई बन्न सक्नुहुन्न। र जब तपाई आफैलाई केहि बनाउन कोशिष गर्नुहुन्छ जुन तपाई हुनुहुन्न, तपाई केवल पाखण्डीको भूमिका खेल्नुहुन्छ। र परमेश्वरले मलाई पाखण्डी बन्नुभन्दा अगाडि मर्न दिनुभएको राम्रो हुन्छ, हेर्नुहोस्। म जो हुँ त्यहि नै बन्न दिनुहोस्, र त्यसपछि स्पष्ट र प्रष्ट होस्। र—र, त्यसपछि, म—मलाई त्यस तरिकामा हुन दिनुहोस्, र त्यसपछि सबैजनाले जान्नुहुन्छ। त्यसपछि तपाईलाई ठ्याक्कै थाहा हुन्छ।

50 र त्यसैले अब, जस्तो तपाईलाई थाह छ, मैले धेरै विद्या पाईन, जस्तो मैले भने। त्यसैले मेरो...धर्मज्ञानमा, म सबैभन्दा कमजोर छु। र मलाई लाग्छ तपाईलाई थाहा छ, हेर्नुहोस्। र एउटा प्रचारकको रुपमा, म आफैलाई बोलाउनसमेत सक्दिन, विद्यालय नगएको र शब्दहरु नजानेको, र अन्य

त्यस्तै कारणले गर्दा। तर जति मसँग छ, म...जस्तो जान्ने मेरो ज्ञान छ, उहाँको कृपाले, प्रभु येशू, म त्यो सबै भाईहरुलाई जतातते बाड्न खोज्छु, यो साझा गरन।

51 र, तर, जब मैले ब्याप्टिष्ट मण्डली छोडे...जुन एक मात्र मण्डली हो जहाँ म आएको थिए, वा नियुक्त भएको थिए, र म १९३३ मा नियुक्त भएको थिए, मिसनरी ब्याप्टिष्ट मण्डली, जेफरसनभिल, इन्डियानामा। यो एउटा—एउटा...यो दक्षिणी ब्याप्टिष्ट सम्मेलनको एउटा सदस्य थियो। त्यसपछि हामी, यो समयमा, म...जब म बाहिर आए र केवल...

52 अब, ब्याप्टिष्ट मण्डली एउटा सार्वभौम मण्डली हो। हामी—हामी सबैलाई त्यो थाहा छ, कि यो एउटा—यो एउटा...तपाईले जे चाहनुहुन्छ त्यो प्रचार गर्न सक्नुहुन्छ, यदि तपाई को मण्डली त्यसको लागि खडा हुन्छ भने। तिनीहरु मात्रै...तपाईले जे चाहनुहुन्छ त्यो प्रचार गर्न सक्नुहुन्छ।

53 र मलाई त्यो मनपर्छ, हेर्नुहोस्, किनभने म विश्वास गर्छु कि यो एपोस्टोलिक छ। किनभने, शिर, मण्डलीमा सर्वोच्च स्थान, गोठालो हो, हामीले त्यो बुझेका छौ, पाष्टर। र—र यदि—यदि...यदि कुनै विशप वा कसैले पाष्टरबाट कुनै प्रकाश फ्याँक्न खोज्छ भने, तब परमेश्वरले आफ्नो मण्डलीमा कसरी काम गर्नुहुनेछ? तपाई देख्नुहुन्छ, तपाईले केवल बुझ्न सक्नुहुन्न। त्यसैले, र मसँग...

54 जब म त्यहाँबाट बाहिर आए, पहिलो समूह जसलाई मैले भेटे, जो सेन्ट लुइस, मिसौरीमा, सानी बेट्टी डहर्टिको चंगाई भएको थियो। र यो पेन्टिकोष्टल युनाईटेड थियो, वा एउटा पेन्टिकोष्टल येशूको नाम मण्डली थियो, र यो पाष्टर त्यहाँको थियो, र उहाँको सानी केटिको चंगाई भएको थियो। साँच्चै, त्यहि नै कुराले उहाँलाई पेन्टिकोष्टल बनाएको हुनुपर्छ भनि मैले सोचेको थिए, किनकि उनीहरुले आफैलाई, "येशू मात्रै," भनि बोलाउथे। र त्यहि नै कुराले उनीहरुलाई पेन्टिकोष्टल बनायो भनि मैले सोचे, किनकि तिनीहरुले आफैलाई त्यो भन्थे, र त्यहि नै भिन्नता थियो। त्यसैले, ठिक छ, त्यहाँबाट म गएँ...

55 र एउटा असल मानिस; एउटा ठूलो सभा भएको थियो सेन्ट लुईसमा, जुन त्यहाँ तस्बिर देखिन्छ। र हामीसँग किल अडिटोरियम थियो; पहिलो रात, वा दोस्रो, त्यहाँ चौध हजारले भरिएको थियो, र हामीले गर्न समेत

सकेनौ...प्रहरीहरु ढोकाको वरपर राख्न परेको थियो, उनीहरुलाई टाढा राख्नको लागि।

56 र त्यसपछि त्यहाँबाट, तल रिचार्ड टि. रिड, जोनेसबोरोमा, धन्य बाईबल आवर टेबरनेकलमा, त्यो पनि यही संस्था कै थियो। र त्यहाँबाट, डा. जी. एच. ब्राउन, उही संस्था, ५०५ भिक्टर स्ट्रिट लिटल रक, अर्कान्सासमा थियो। र, त्यहाँबाट, पश्चिमी तटमा।

57 र जब म पश्चिमी तटमा पुगे, मैले आगोलाई हिर्काए। त्यसपछि मैले थाहा पाए कि त्यहाँ पेन्टिकोष्टल मानिसहरु, तिनीहरुको संस्थामा, धेरै विभाजनहरु थियो, जस्तो हाम्रोको ब्याप्टिष्टको छ। हेर्नुहोस्, तिनीहरु—तिनीहरु यति धेरै भिन्नहरु थिए, त्यहाँनिर, तिनीहरुमा भिन्नता थियो। त्यहाँ एसेमब्लिज अफ गड, र चर्च अफ गड, र अर्को केहि, र अरु केहि, र अरु केहि, र—भिन्नता थियो। र तिनीहरुले आफैलाई अलग्याएका थिए, र सानो सिमा रेखा कोरेका थिए। र सबै अन्य भाईहरु मकहाँ आउन थाल्नुभयो, र मलाई भन्नुभयो, "किन, तपाई येशू मात्र, यो समूहसँग हुनुहुन्छ यहाँ।"

मैले भने, "होइन, मैले आफैलाई—आफैलाई त्यो भनेर बोलाउदिन।" हेर्नुहोस्?

उहाँले भन्नुभयो, "किन, तपाई तिनीहरुसँग संगत गर्दै हुनुहुन्छ।"

58 मैले भने, "ठिक छ, त्यो—त्यसले मलाई त्यो बनाउदैन।" बुझ्नुभयो? र मैले भने, "म—म—म मात्रै...तिनीहरु दाजुभाईहरु हुन्।"

59 र उहाँले भन्नुभयो, "किन, तिनीहरु समूह...किन, तिनीहरुसँग अरु केहि नभएर केवल गिद्धको अड्डा र अन्य त्यस्तैको समूह छ, जो वरपर हिड्छन्, त्यस्तै नै छन्। जहाँ..."

60 मैले भने, "अब, तपाईको माफी चाहन्छु। मैले सच्चा परमेश्वरका मानिसहरु त्यहाँ भेटे। र त्यहाँ परमेश्वरका मानिसहरु छन्।" र मैले भने, "म—म तिनीहरुलाई दुष्ट भन्न पक्कै रिसाउछु, किनभने, उनीहरु होइनन्।"

61 ठिक छ, त्यसपछि कुनै पनि तर्फ केहि व्यक्त नगरी, म जत्ति मैले सकेको त्यत्ति थापिन कोशिष गरे। ठिक छ, मैले तिनीहरुको विचारहरु, र तिनीहरुको विभाजन के थियो, र के ले तिनीहरुलाई अलग्यायो त्यसको बारेमा अध्ययन गर्न थाले। र मैले दुईवटा ठूला समूहहरु पाएँ, ती मध्ये

एक चाहि, येशू मात्रै भनिन्थ्यो, र अर्को चाहि एसेमब्लिज अफ गड भनिन्थ्यो। र तिनीहरुको पानीको बप्तिष्माको मुद्धामा, तिनीहरु बोलाईएको, वा अलग्याईएको थियो; एउटाली "पिता, पुत्र, पवित्र" आत्मा प्रयोग गर्दै थियो, त अर्कोले "येशू" बाम प्रयोग गर्दै थियो।

62 ठिक छ, मैले हेरे, र दुवैतर्फ त्यहाँ महान मानिसहरु थिए, परमेश्वरको दासहरु। र मैले सोचे, "ओ परमेश्वर, यदि मैले ती सबैलाई उदाएको देख्न सके...केवल अगाडि बढ्नुहोस् र राख्नुहोस्...तर केवल यो भन्दै, सिमा नकोर्नुहोस्, 'हामीहरु एकअर्कासँग संगति गर्नेछैनौ।'" तर मैले पाए, यसमा, दुष्ट आत्माले तिनीहरुमा पसेका छन् र घृणा र द्वेष उत्पन्न गराएको छ, ती मुद्धाहरुमा जुन तिनीहरुको माझमा आएको छ। मैले सोचे, "त्यो शैतानले चाहेकै जस्तो भएको छ। त्यहि नै त्यसले चाहन्छ।" जबसम्म तपाईको बन्दुकहरु एक अर्काको विरुद्ध चलाउनको लागि प्रशिक्षित गरिएको छ, त्यसले एक रति पनि लड्नुपर्दैन। र म...

63 र त्यसैले तब, अन्ततः, यो प्रदर्शनमा आयो। र त्यो प्रदर्शन सिएटल, वाशिंगटनमा, लगभग १९४६ भयो। र एक बिहान मलाई होटेलको कक्षमा ल्याईयो, केहि यस्तै, केहि सेवकहरुसँग—एउटा बिहानको नास्तामा। र मैले दुई मूख्य पुरुषहरुसँग कुरा गर्नुपर्यो।

64 र ती मध्ये एक चाहि डा. नेस हुनुहुन्थ्यो। मलाई लाग्छ तपाई एसेमब्लिज अफ गडका दाजुभाईहरुले उहाँलाई याद गर्नुहुन्छ। उहाँ उत्तरपश्चिमी इलाकामा हुनुहुन्थ्यो; एक महान मानिस, होसियार, विद्धवान। र उहाँले एसेमब्लिज अफ गडलाई प्रतिनिधित्व गर्नुभएको थियो।

65 र त्यसपछि, युनाईटेड पेन्टिकोष्टल मण्डलीका, डा. सिजम। मलाई लाग्छ तपाई युनाईटेड पेन्टिकोष्टलका दाजुभाईहरुले उहाँलाई सम्झनुहुन्छ। उहाँ पनि त्यहाँ माथि उत्तरपश्चिमी इलाकाको हुनुहुन्छ, कि उहाँ तिनीहरु माहती र त्यहाँका जिल्लाहरु माथि हुनुहुन्थ्यो।

66 ठिक छ, यी दुईजना मानिसहरुले भेटे। र मलाई उहाँहरुको सामु ल्याईनु थियो, किनभने—किनारहरु तिखो हुँदै थियो, र त्यसले मलाई सबै तर्फबाट काटिरहेको थियो। र मैले सोचे, "मैले के गर्नुपर्छ? मैले के गर्न सक्छु?"

67 हामी, ठिक छ, तिनीहरुले भने, "ठिक छ, तपाईले एउटा वा अर्कोको पक्षा लिनु नै पर्छ। यदि तपाई येशूको नामको पक्षमा जानुहुन्छ भने, तपाई

येशूको नामवाला हुनुपर्छ। र यदि तपाई एसेमब्लिज अफ गडसँग जानुहुन्छ भने, तपाई येशूको नामवालाहरुलाई छोड्नुपर्छ, र एसेमब्लिज अफ गडसँग हुनुपर्छ, वा त्यस्तै।" यो एक ठाउँमा आयो जहाँ मैले केहि प्रकारको प्रदर्शन गर्नुपर्यो।

68 त्यस बिहानमा तल जानभन्दा पहिला मैले धेरै प्रार्थना गरे। मैले भने, "परमेश्वर, मलाई मद्दत गर्नुहोस्। किनभने, त्यहाँ दुईजना महापुरुषहरु छन्; त्यहाँ हजारौ दासहरु छन्। र तपाईले मलाई यहाँ एउटा सेवकाई दिएर पठाउनुभएको छ। र तिनीहरु दुवैजना तपाईका दासहरु हुन्। र के मैले एउटा संगठन अर्कोसँग लड्दा कति थोरै प्रभाव पार्छु?" बुझ्नुभयो? "म—म त्यसो गर्नु ठिक ठान्दिन। मलाई लाग्दैन कि मैले त्यसो गर्नु यो ख्रीष्टको इच्छा हुनेछ।" र मैले भने, "परमेश्वर, मलाई मद्दत गर्नुहोस् र केहि गर्नलाई दिनुहोस्, वा केहि भन्नलाई दिनुहोस्।"

69 र त्यसपछि मसँग कोहि थिएन। म केवल त्यहाँ उभिनुपर्यो, त्यस बिहान, केवल प्रभु येशू र म।

70 ठिक छ, महान बहस आउँछ। "तपाई के गर्नेवाला हुनुहुन्छ? के—के—के निर्णय तपाईले लिन जाँदैहुनुहुन्छ?"

71 मैले भने, "मेरो निर्णय पहिले नै भईसकेको छ। कि, मेरो निर्णय, तपाईहरु दुवैको बीचमा उभिनु हो, र कुनै पनि संगठनमा सामेल नुहुनु हो; र भन्छु, तपाईहरु दुवैलाई अँगालेर, 'हामीहरु दाजुभाईहरु हौँ।'" बुझ्नुभयो? हेर्नुहोस्, हामीहरु दाजुभाईहरु हौँ। बुझ्नुभयो? र मैले भने, "मैले सक्नेसम्मको सबै पुस्तक पढ्ने कोशिष गरेको छु, यो कसरी आयो भने, जसलाई 'नयाँ मुद्धा' भनिन्छ, र कसरी तिनीहरुले आफैलाई अलग्याए, र कसरी *यो* एउटा *यो* बाटो र *त्यो* बाटो लाग्यो।" र मैले भने, "तपाईहरुको विचको विवादमा," मैले भने, "त्यो उही नै कुरा हो जसले पेन्टिकोष्टल चाललाई तोड्यो, त्यस दिनमा...पेन्टिकोष्ट पश्चात। तिनीहरु एकअर्का विचमा विवाद गर्न थाले।" र मैले भने, "कुरा फेरी अलग हुन्छ।"

72 मैले भने, "के त्यहाँ तपाईहरुको विचमा माध्यम हुन सम्भव छ, तपाई दाजुभाईहरु? के त्यहाँ केहि छ जुन—जुन उभिन सक्छ?"

73 ठिक छ, तिनीहरुले त्यसमा आफ्नो मुख नै खोलेनन्, किनभने यो एकदम धारिलो थियो। तपाईलाई थाहा छ, लगभग पन्ध्र, बिस वर्ष पहिले,

यो कस्तो थियो, किनभने एउटा सामूह अर्को सामूहबाट भर्खरै तानिएको थियो, र र त्यहाँ धेरै प्रतिविदाद थियो।

74 त्यसैले मैले भने, "ठिक छ, दाजुभाई, यहाँनिर म के गर्न गईरहेको छु। म जाँदैछु...यसैपनि, परमेश्वरले मलाई कहिल्यै पनि बप्तिष्मा दिनको लागि पठाउनुभएन। उहाँले मलाई उहाँको बिमार छोराछोरीहरुलाई प्रार्थना गर्नको निम्ति पठाउनुभयो।" मैले भने, "त्यसैले, म बिमार छोराछोरीहरुको निम्ति—प्रार्थना गर्न जाँदैछु, र तपाई सेवकहरु आफैले आफ्नो बप्तिष्माको काम गर्नुहोस्," मैले भने।

75 मैले भने, "अब म तपाईलाई केहि कुरा सोध्न चाहन्छु, ताकी तपाईले यो बुझ्न सक्नुभएको होस्।" मैले भने, "भाई नेस, यो...यी येशू नामका मानिसहरु, के उनीहरुले पवित्र आत्मा पाएका छन् भनि तपाई विश्वास गर्नुहुन्छ जब उनीहरुले अन्यभाषाहरुमा बोल्छन् र उही काम गर्छन् जुन तपाईहरुले एसेमब्लिज अफ गडमा गर्नुहुन्छ?"

भन्नुभयो, "पक्कै पनि गर्छु।"

76 मैले भने, "भाई सिजम, के तपाई एसेमब्लिज अफ गडसँग पवित्र आत्मा छ भनि विश्वास गर्नुहुन्छ जब उनीहरुले अन्यभाषाहरुमा बोल्छन् र उही काम गर्छन् जुन तपाईले बप्तिष्मामा गर्नुभयो?"

उहाँले भन्नुभयो, "पक्कै पनि, म गर्छु।"

77 मैले भने, "अब, बाईबलले भनेको छ, 'परमेश्वरले तिनीहरुलाई पवित्र आत्मा दिनुहुन्छ जसले उहाँको आज्ञा पालन गर्छन्।' अब, कसले उहाँको आज्ञा पालन गर्यो? कसले उहाँको आज्ञापालन गर्यो? तपाईहरु मध्ये कसले आज्ञा पालन गर्नुभयो? र परमेश्वरले तपाईहरु दुवैजनालाई पवित्र आत्मा दिनुभयो।" बुझ्नुभयो?

78 मैले भने, "के तपाई भन्नुहुन्छ, भाई सिजम, कि भाई नेसले पवित्र आत्मा पाउनुभएको छैन?"

भन्यो, "अहँ भन्दिन।"

79 मैले भने, "के भाई सिजमले पवित्र आत्मा पाउनुभएको छैन भनि तपाईले भन्नुहुन्छ?"

80 "भन्दिन।" बुझ्नुभयो? त्यो, उहाँहरु दुवैले एकअर्कामा पवित्र आत्मा छ भनि विश्वास गर्नुहुन्छ।

81 तर, तपाई देख्नुहुन्छ, यसले कुनै अर्थ राख्दैन, दाजुभाईहरु। यसले कुनै अर्थ राख्दैन। र मैले सुने, त्यसबाट केहि समय पछि...

म मेरो विषयमा एक मिनेटमा आउनेछु।

82 फिनल्याण्ड छोडेपछि, यहाँ फिनिस भाईहरु; जहाँ परमेश्वरले हामीलाई दिनुभयो, मैले के सोचे, हाम्रो ठूला सभाहरु मध्ये एउटा। त्यहाँ जहाँ सानो, मरेको केटा जीवित पारिएको थियो, र धेरै कुराहरु भयो। मैले स्टकहोम, स्वेडनमा, त्यहाँ फिलाडेल्फिया मण्डलीको लुई पेथ्रुससँग भेटे जो परमेश्वरको एक मानिस हुनुहुन्छ, र फिलाडेल्फिया मण्डली। भाई गोर्डन लिन्ड्से, जो अहिले हुनुहुन्थ्यो...मलाई लाग्छ। मलाई लाग्दैन उहाँ अहिले त्यहाँ जोडिनुभएको छ, तर उहाँ एसेमब्लिज अफ गडको हुनुहुन्थ्यो।

83 र एसेमब्लिज अफ गड मेरो अन्तर्राष्ट्रिय रूपमा, मेरो महान प्रायोजकहरु मध्ये एक हो। र फोरस्क्वायर, जुन एसेमब्लिज अफ गडमा निकालिएको थियो, उहाँहरु मेरो एउटा ठूलो प्रायोजक हुनुहुन्छ। वान्नेस, अन्तर्राष्ट्रिय रुपमा, मेरो एउटा ठूलो प्रायोजकहरु मध्ये एक हुनुहुन्छ। बुझ्नुभयो? र मैले मात्रै त्यो अडान लिए, मात्रै धारिलो किनारहरु छोडेर, र त्यसपछि अडान लिए, कि म लफडाको त्यो कुनै पनि तर्फी पक्ष लिदिन। जबसम्म हामीहरु भाईहरुको रूपमा, एकसाथ आएको देख्छौ, र त्यसपछि हामी—हामी सबैले उही सिधा बिन्धु देख्छौ, जहाँ हामी आईरहेका छौ, त्यसो गर्नुहोस् उदेश्य र अर्थमा।

84 र तपाई—तपाईले पहिले, आफ्नो उदेश्य र लक्ष्य जाँच्नु पर्दछ। पहिलो, परमेश्वरको इच्छा खोज्नुहोस्; र त्यसपछि तपाईको उदेश्य खोज्नुहोस्; र त्यसपछि तपाईको मनशायलाई जाँच्नुहोस् र हेर्नुहोस् तपाईको मनशाय सहि छ या छैन। त्यसपछि, जसरी येशूले मर्कूस ११:२४ मा भन्नुभयो, "यदि तिमीले यस पहाडलाई 'हटिजा' भन्छौ र आफ्नो हृदयमा संका गर्दैनौ।" तर जबसम्म तपाईको हृदयमा संका छ, चाहे त्यो परमेश्वरको इच्छा किन नहोस्, वा तपाईको मनशाय वा उदेश्य गलत छ, यो कसरी हट्नेछ? तर जब तपाईलाई थाहा छ कि तपाईको अभिप्राय सहि छ, र यो परमेश्वरको इच्छा हो, र तपाईको उदेश्य सहि छ, यो हट्नु पर्छ। त्यो नै सबै हो, वा परमेश्वरले केहि गलत भन्नुभयो।

85 त्यहि नै कारण हो, जब म मंचमा जान्छु, मण्डलीहरुमा, कसैले पनि मैले ती कुराहरु उल्लेख गरेको कहिल्यै सुन्नुभएको छैन, ती मुद्दाहरु। म

केवल तिनीहरुलाई एक्कै छोड्छु। हेर्नुहोस्, यो, तपाई पुरुषहरुमा निर्भर छ। बुझ्नुभयो? म यहाँ तपाईलाई ख्रीष्टमा प्राणहरु जित्न मद्धत गर्नलाई छु, एक दिव्य वरदानद्वारा, तपाईले देख्नुभयो। बुझ्नुभयो? यसले केहि फरक पार्दैन...तपाईले आफ्नो बप्तिष्माको काम गर्नुहोस्। तर त्यसपछि जब यो आउछ...

86 अवश्य पनि, मलाई सबैकुरा भनिएको छ। मलाई तथानाम भनिएको छ, मलाई थाहा छैन कति धेरै पटक, एउटा—एउटा "परमेश्वरको पुत्र अवतार" देखि तल एउटा—एउटा "शैतान" सम्म भनिएको छ। त्यो सहि हो, सबैकुरा। तर, यो सबैको पछाडि, म तपाईको भाई हुँ, परमेश्वरको राज्यको सहनागरिक; तपाईहरु सँगै काम गर्दै, परमेश्वरको राज्यको लागि। र त्यो सत्य हो।

87 अब म, यदि यो सहि हो भने, र हामीसँग पर्याप्त समय छ भनि तपाई सोच्नुहुन्छ भने, म तपाईलाई हामीले त्यो कसरी बहस गर्यौं भनि बताउन चाहन्छु। के यो ठिकै छ, भाईहरु, केवल एक मिनेटको लागि, भाई, भाई नेस र तपाईहरु? ठिक छ। र यो थोरै हुनसक्छ जसले तपाईलाई मद्धत गर्नेछ। यसले तपाईलाई, एक प्रकारले मद्धत गर्नेछ।

88 मैले यो लेखे, केहि चिजहरु जुन मलाई याद छ तिनीहरुले त्यहाँबाट निकाले। र त्यसैले उनीहरुले मलाई सोधे, "त्रिएक" को विषयमा मैले के विश्वास गर्थे, के मैले त्यहाँ परमेश्वरको "त्रिएकता" छ भनि विश्वास गरेको थिए?

89 अब, भाईहरु, जब हामी यसमा आउछौ, म आशा गर्छु कि, जब यो सिद्धिन्छ, कि हामी एउटै दाजुभाई हुनेछौ कि हामीसबै साथ थियौ। बुझ्नुभयो? तर मलाई लाग्छ कि म तपाईको ऋणी छु, किनकि तपाईका मानिसहरु मेरो सभाहरुमा आउनुहुन्छ, र म पक्कै पनि ती मध्ये एकलाई पनि धोकाका, साथ पठाउन चाहन्न।

90 र मैले मंचमा प्रचार गरेको भन्दा बाहिर, मलाई प्रश्न लेख्ने मानिसहरुलाई मैले सधै भनेको छु...र यहाँ मेरो सचिव हुनुहुन्छ, र त्यस्तै अन्य। यदि उनीहरुले मलाई एउटा प्रश्न सोध्छन्, "*यसको* बारेमा के हो, वा *त्यसको* बारेमा के हो?"

91 मैले भने, "तपाईको पाष्टरलाई सोध्नुहोस्, हेर्नुहोस्। किनभने, यदि उहाँले तपाईलाई यहाँसम्म ल्याउनुभयो भने, जहाँ तपाईले पवित्र आत्मा

पाउनुभयो, उहाँले तपाईलाई अझै अगाडि लानुहुनेछ, तपाईले देख्नुहुन्छ। तपाई, हेर्नुहोस्, तपाईले आफ्नो पाष्टरलाई सोध्नुहोस्।" किनभने, त्यस्ता खालका साना कुराहरुले अन्योलता ल्याउछ, र त्यसैकारणले म त्यस्तोबाट टाढा हुन्छु, तपाई देख्नुहुन्छ।

92 अब, र मलाई यसो भनिएको थियो कि—म संस्था विरोधी लडाकु हुँ। अब, म होइन। मलाई लाग्छ कि संगठन राम्रो हो, तर जब तपाईको संस्थाको प्रणाली भ्रष्ट हुन्छ, म त्यसको चाहि विरुद्धमा छु। बुझ्नुभयो? चाहे त्यो एकईश्वर मान्ने होस्, वा—वा त्रिएक, वा यो जे केहि पनि हो, प्रणाली; कि जब तपाई त्यो ठाउँमा पुग्नुहुन्छ, तपाई अहिले...र भन्नुहुन्छ, "हामीहरु एसेमब्लिज अफ गड हौँ।"

"ठिक छ, त्यो सडकको पार् को हो?"

93 "ओ, त्यो हाम्रो भाईहरु हुन्। तिनीहरु—तिनीहरु युनाईटेड पेन्टिकोष्टल भनिन्छ।"

"ठिक छ, त्यहाँनिर को हो?"

94 "ओ, त्यो फोरस्क्वायर भाईहरु हुन्। ओ, हामीहरु राम्रा भाईहरु हौँ। हाम्रो एक अर्कामा, महान संगति छ।"

"ओ, तपाईहरु सबैले एउटै कुरा विश्वास गर्नुहुन्छ?"

"ओ, हो, हामी विश्वास गर्छौं।"

"अब, ठिक छ, के ले तपाईलाई यो तरिकाको बनाउँछ?"

95 "ठिक छ, *यी* भाईहरुले *यस* तरिकामा बप्तिष्मा दिन्छन्। र *यिनीहरुले यस* तरिकामा बप्तिष्मा, हामीबाट अनुहार अगाडि गरेर। र *यिनीहरुले* यसरी बप्तिष्मा..."

96 त्यहाँ दक्षीण अफ्रिकामा जस्तै, भाई, हामी त्यसमा चल्छौ। तिनीहरुले मलाई सोधे। एउटा समूहले तिनपटक बप्तिष्मा दिन्छन्, अगाडि अनुहार पारेर। र अर्कोले तिन पटक बप्तिष्मा दिन्छन्, अनुहार पछाडि फर्काएर। र तिनीहरुले भने...मैले भने, "तपाईले त्यो कहाँ पाउनुहुन्छ?"

97 एउटाले भन्यो, "जब उहाँ मर्नुभयो, उहाँ अगाडि फर्कनुभयो भने बाईबलले भनेको छ," र भन्यो, "त्यसैकारणले हामीले तिनीहरुलाई अगाडि फर्काउनुपर्छ।"

98 र मैले भने, "ठिक छ," अर्को समूहलाई, "के...तपाईको के छ?"

भन्यो, “के तपाईले कुनै मानिसलाई घोप्टाएर गाड्नुभएको छ?”

99 ठिक छ, र तपाईलाई थाहा छ? तिनीहरुले आफैलाई अलग्याए र दुई समूहहरु, दुई संस्थाहरु बनाए। ओ, दया, भाईहरु! त्यहि नै जो जुन शैतानले चाहन्छ। त्यहि नै त्यसले चाहन्छ। हो। आफैलाई निकाल्नुहोस्...

100 अब, हेर्नुहोस्, यो अपोस्टोलिक फेथ मिसन होइन, वा—वा न त यो पेन्टिकोष्टल एसेमब्लिज नै हो, अर्को तर्फमा। यो त्यो होइन। त्यहाँ दुवै समूहमा राम्रा मानिसहरु छन्, जस्तो यहाँ छ। तर, तपाई देख्नुहुन्छ, यो यी कुराहरुको व्यवस्था हो।

101 यो क्याथोलिक जस्तै हो, जस्तो मैले अक्सर भनेको छु। यदि उनी एक क्याथोलिक हुनुहुन्छ, र मुक्तिको लागि ख्रीष्टमा निर्भर हुँदैहुनुहुन्छ, उनी बचाईएका छन्। निश्चय नै, त्यो सहि हो। र यदि ऊ मण्डलीमा निर्भर छ भने, उनी हराईएका छन्। र तपाईहरु मध्ये कुनै पनि पेन्टिकोष्टल भाईहरुलाई थाहा छ, यदि पेन्टिकोष्टल मण्डलीले हामीलाई बचाओस् भनि हामीले हेरिरहेका छौ भने, “हामीहरु, मानिसहरु मध्ये, सबैभन्दा दरिद्र हौँ,” त्यो सहि हो, किनभने हामी बाचेका छैनौ। त्यो सहि हो।

102 तर यदि हामीले येशू ख्रीष्टलाई हेरिरहेका छौ भने, हामी बाचेका छौ, “विश्वासद्वारा,” (त्यो, के हो?) एउटा पूर्ण गरिएको कार्य। र यी साना काम गर्ने चिजहरु, र ब्राण्डहरु, यसले खासै फरक पार्दैन।

103 अब, मैले भाई सिजमलाई भने, उहाँलाई...र भाई नेस, “तपाईको प्रश्नको उत्तर दिनलाई,” मैले भने, “अब, म तपाईहरु भाईहरु मध्ये कसैको पनि पक्ष लिदिन। र मलाई थाहा छ, जबसम तपाईहरु लड्नुहुन्छ, तपाईहरु दुवैजना गलत हुनुहुन्छ। बुझ्नुभयो? किनभने, म बरु मेरो सिद्धान्तमा गलत भएर, हृदयमा सहि हुन चाहन्छु, सिद्धान्तमा सहि भएर, हृदयमा गलत हुनुभन्दा।” बुझ्नुभयो? मैले भने, “आखिरमा, यो तपाईको हृदयको अवस्था हो।”

104 र मैले त्यो एउटा अभ्यास बनाएँ, यो जान्ने: कि, यदि एउटा मानिस, चाहे उसले जे सुकै गरोस्, र जत्ति नै ऊ फरक किन नहोस्, र उसले मेरो बारेमा के भन्छ; यदि मेरो हृदयमा, केवल कर्तव्यको कारणले मात्रै होइन, तर मेरो हृदयमा मैले जत्ति अरुलाई प्रेम गर्न सक्छु त्यति त्यस मानिसलाई प्रेम गर्न सक्दिन भने, तब मलाई थाहा हुन्छ कि यहाँ केहि कुरा गलत छ, बुझ्नुभयो। त्यो सहि हो, किनभने, यो—यो...चाहे उसले जे सुकै...

105 एउटा सानो भाई आउनुहुन्छ, धेरै समय भएको छैन, एउटा सानो चर्च अफ क्राईष्टको भाई। र, ओ, उहाँ त्यहाँनिर उभिनुभयो, र उहाँले भन्नुभयो, “यो मानिस एउटा शैतान हो।” बुभ्नुभयो? उहाँले भन्नुभयो, “उहाँले पवित्र आत्माले भन्नुभएको भन्नुहुन्छ।” उहाँले भन्नुभयो, “त्यहाँ यस्तो केहि कुरा छैन। तिनीहरु, ठिक छ, मात्रै बाह्र प्रेरितहरुले पवित्र आत्मा पाए। र—र दिव्य चंगाई केवल ती बाह्र प्रेरितहरुलाई दिईएको थियो।” र त्यहि भन्दै, लगभग आधा घण्टासम्म जानुभयो।

106 र मैले भने, “केवल एक क्षण, भाई। मलाई लाग्छ तपाईले मलाई यसको प्रतिरक्षा गर्नको लागि एउटा मौका दिनुपर्दछ, बुभ्नुभयो।” मैले भने, “तपाईले भन्नुभयो कि तपाईले त्यहाँ बोल्नुभयो जहाँ बाईबलले बोलेको छ, र त्यहाँ चुप बस्नुभयो जहाँ यो चुप थियो।”

र उहाँले भन्नुभयो, “हामी गर्छौं।”

107 मैले भने, “अब, तपाईले भन्नुभयो पवित्र आत्मा पाउने त्यहाँ केवल बाह्रजना प्रेरितहरु मात्रै थिए। बाईबलले भनेको छ, ‘पवित्र आत्मा तल भर्नुहुँदा त्यहाँ माथिको कोठामा एक सय बिसजना थिए, महिलाहरु र सबै थिए।’ र के तपाईले मलाई भन्न सक्नुहुन्छ, के तपाईलाई लाग्छ पावलसँग पवित्र आत्मा थिएन? र उनले त्योबाट लामो समय पछि पाएका थिए, बुभ्नुभयो। र तपाईले भन्नुभयो, ‘चंगाईको वरदान केवल बाह्र प्रेरितहरुलाई मात्रै दिएको थियो।’ र स्टेफन तल गए, केहिसमय पछि, र उनी बाह्र मध्ये एक थिएनन्। उनी एउटा प्रचारक समेत थिएनन्। उनी एउटा डिकन थिए, र सामरियामा गएर दुष्टहरु भगाए।” र मैले भने, “ओ, भाई!” यहाँनिर यो एकदम शान्त थियो, हो, जहाँ तपाईले यसलाई राख्न पर्ने थियो।

108 र यो समाप्त भएपछि, “तर,” मैले भने, “मलाई शैतान भनेर बोलाएकोमा म तपाईलाई माफ गर्छु, ’ किनकि मलाई थाहा छ कि तपाईको मतलब त्यो होइन।”

109 र त्यसपछि जहाँ उहाँले सिद्ध्याउनुभयो, उहाँ माथि आउनुभयो। उहाँले भन्नुभयो, “त्यहाँ एउटा कुरा छ जुन मैले भन्न सक्छु। तपाईसँग ख्रीष्टको आत्मा छ।”

110 मैले भने, “अब, भाई, जो म हुँ, एउटा शैतान वा ख्रीष्ट?” बुभ्नुभयो? बुभ्नुभयो?

111 तर म तपाईलाई भन्छु, हेर्नुहोस्, किनभने त्यो एउटा मानिस, उहाँले भन्न सक्नुहुन्छ कि मैले उहाँलाई प्रेम गर्छु; चाहे जे भए नि, उहाँ असहमत हुँदै हुनुहुन्थ्यो, र भयानक रूपमा असहमत हुनुहुन्थ्यो र आलोचना गर्दै हुनुहुन्थ्यो। उहाँ...

112 म एउटा जंगली जनावरहरुको, मेरो सम्पूर्ण जीवनभरि, शिकारी रहे। र मानिसहरुले भनेका थिए, "कसरी..." त्यो समय जब मैले त्यो भालुलाई, एउटा चक्कुले मार्नु परेको थियो, हेर्नुहोस्। भन्नुभयो, "के तपाईलाई डर लागेन?"

113 मैले भने, "अहँ। यदि म त्यसबाट डराएको भए, त्यसले मलाई मार्ने थियो, हेर्नुहोस्।"

114 तर, हेर्नुहोस्, तपाईले—तपाईले तिनीहरुलाई झुक्काउन सक्नुहुन्न। तपाई तिनीहरुबाट डराउनुभएको छ, या छैन भनि तिनीहरुले जान्दछन्। तपाई एउटा घोडाबाट डराउनुहुन्छ, र हेर्नुहोस् घोडाले के गर्नेछ भनि, उसले तपाईलाई घिसारीदिन्छ। बुझ्नुभयो? त्यसैले यदि तपाई डराउनुभएको छ भने...तपाईले यसलाई धोकामा पार्न सक्नुहुन्न। तपाईसँग साचै हुनुपर्छ।

त्यहि नै तरिकामा शैतानसँग हुन्छ।

115 त्यहि नै तरिकामा मानिसहरुको माझमा हुन्छ। तपाईले मानिसहरुलाई प्रेम गर्नुपर्छ। तपाईले यसलाई धोकामा पार्न सक्नुहुन्न। तपाईसँग हुनुपर्दछ, नभए तपाईको रङ्गले यो कुनै ठाउँमा देखाउछ, हेर्नुहोस्। त्यो सहि हो। तपाईले मानिसहरुलाई साचै नै प्रेम गर्नुपर्छ, र उनीहरुलाई थाहा छ कि तपाईले उनीहरुलाई प्रेम गर्नुहुन्छ। हेर्नुहोस्, त्यहाँ यसको बारेमा केहि छ।

116 र त्यो मानिसले अहिले, केहि दिन अगाडि, मेरी श्रीमतीलाई कल गरेर, भन्यो, "के त्यहाँ भाई ब्रन्हाम हुनुहुन्छ?"

भनिन्, "हुनुहुन्न।"

117 भन्नुभयो, "ठिक छ, एउटा कुरा मैले भन्नुपर्नेछ। म उहाँसँग असहमत भए, धर्मशिक्षामा, तर म भन्छु उहाँ ख्रीष्टको एउटा दास हो।"

118 ठिक छ, तब, र मैले छोडेर जान भन्दा अगाडि, उहाँले मलाई एउटा पत्र पठाउनुभयो, र उहाँले भन्नुभयो, "जब तपाई फर्कनुहुन्छ, म त्यहाँ

आउनेछु। म त्यो पवित्र आत्माको बप्तिष्मा लिन चाहन्छु जुनको बारेमा तपाई बोलिरहनुभएको थियो।”

119 त्यसैले, तपाई हेर्नुहुन्छ, केवल तपाई कहाँ हुनुहुने थियो यदि तपाई हुनेभए...यदि मसँग त्यो भावना भएको भए, भन्दा, “किन, त्यहाँ तपाईमा केहि पनि छैन। तपाईको पुरानो नामधारी संगठित मण्डलीमा केहि असल छैन, र—र सबै तपाई चर्च अफ क्राईष्टको मानिसहरु असल हुनुहुन्न। तपाईमा राम्रो छैन। तपाई—तपाईहरु शैतानको हुनुहुन्छ।” मैले कहिल्यै पनि त्यस मानिसलाई जित्ने थिएन। र यदि मैले उहाँलाई प्रेम गर्छु भनि मैले भनेको भए, र मेरो हृदयमा चाही त्यो थिएन भने, उहाँले त्यो जान्ने थियो। त्यहि नै हो। तपाईले आफ्नो हृदयमा त्यहि लिनुपर्छ।

120 र त्यो रात थियो जब म त्यस मंचमा गए, त्यस प्रभेदका साथ, हेर्नुहोस्। म यसको बारेमा सोच्दिन। म त्यसबाट, रातको समयको खाना खादिन; र उपवास बस्छु र प्रार्थना गर्छु, र कोठामा बस्छु। किनभने, उहाँले गर्नुहुनेछ भनि मलाई प्रतिज्ञा गर्नुभएको थियो। र त्यसैकारणले कुनै संका बिना म जान्छु, किनभने उहाँले यो गर्नुहुनेछ भनि प्रतिज्ञा गर्नुभएको थियो। त्यसैकारणले, हेर्नुहोस्, मेरो...मलाई मेरो उदेश्य (के?) थाहा छ, मेरो लक्ष्य (के?) हो, परमेश्वरको राज्य विस्तारको लागि।

121 यदि कुनै मानिस *यो* बाटो, *त्यो* बाटो, कुनै पनि मण्डली जान्छ; जबसम्म ऊ ख्रीष्टमा आउदछ, यसले मलाई फरक पार्दैन। र त्यो मेरो हृदयमा छ। बुझ्नुभयो? र जस्तै भए पनि, यदि हामी जान्छौ र ख्रीष्टको मण्डलीमा सामेल हुन्छौ, भने त्यो ठिक छ। त्यो ठिकै हो। यदि ऊ...कुन मण्डलीमा ऊ जान्छ, त्यसले मलाई फरक पार्दैन। तर जबसम्म म उसको प्राण ख्रीष्टसँग जित्दछु, त्यो मूख्य कुरा हो।

122 त्यसैले मैले भने, “भाई नेस, फरक हुनको लागि होइन...” अहिले म जाँदैछु...के *यो* प्रयोग गर्न ठिक छ, भाई? [भाईले भन्नुहुन्छ, “पक्कै पनि।”—सम्पा।] मैले भने, “म यो भन्न र व्याख्या गर्न चाहन्छु।” र, यसमा, म यहाँ तपाई भाईहरुलाई भन्न सक्छु। अब, यो तपाईको मण्डलीहरुमा नभन्नुहोला। यदि तपाई गर्नुहुनेछ, र मलाई भलो गर्नुहुन्छ, केव—केवल—केवल मलाई तपाईको भाई बन्न दिनुहोस्। तपाई देख्नुहुन्छ? र म, र यदि—यदि म गलत छु भने, तपाईले मलाई माफ गर्नुहोला। तर म तपाईलाई व्याख्या गर्न चाहन्छु, आज बिहान यहाँ दुवै

समूह बसिरहनुहुँदा, दुवै एकवादी र—एसेम्लिज, पनि, र त्रिएकतावादी विश्वासकाहरु।

123 अब म यो अभिव्यक्ति गर्न चाहन्छु। म त्यो भन्न चाहन्छु कि त्यहाँ दुवै पक्ष गलत छन्, जबसम्म तिनीहरु एकअर्कामा विवाद गरिरहन्छन्, किनभने तिनीहरुको मनशाय गलत छ। र जबसम्म तपाईको मनशाय गलत छ, चाहे जे सुकै तपाईको उदेश्य गलत हुन्छ, तर त्यस उदेश्यको लागि तपाईको मनशाय गलत छ, तब यसले कहिल्यै पनि काम गर्दैन। त्यो सहि हो।

124 अब, केहि मानिसहरुले भनेका छन्, "भाई ब्रन्हाम, तपाई एउटा येशू मात्रै सिद्धान्तको हुनुहुन्छ।" म त्यो भन्न चाहन्छु कि त्यो त्रुटी हो। म येशू मात्रै शिक्षाको होइन।

125 कसैले भन्छ, "भाई ब्रन्हाम, के तपाई त्रिएकवादी हुनुहुन्छ?" होइन, श्रीमान। म त्रिएकवादी होइन। म एउटा इसाई हुँ। बुझ्नुभयो? म—म—म गर्दिन...त्रिएक शब्द बाईबलमा उल्लेख समेत गरेको छैन, "त्रिएक" शब्द। र त्यहाँ तिन व्यक्ति परमेश्वरहरु छन् भनि म विश्वास गर्दिन।

126 म विश्वास गर्छु कि त्यहाँ एक परमेश्वर तिन कार्यमा हुनुहुन्छ: पिता, पुत्र, पवित्र आत्मा। ठ्याक्कै त्यहि कारणले त्यहाँ हामीलाई पिता, पुत्र, र पवित्र आत्माको नाउँमा बप्तिष्मा दिनको लागि आज्ञा गरिएको थियो। म विश्वास गर्छु कि यो परमेश्वरको विनित हो, तल आउने।

127 अब, परमेश्वर, जब उहाँ पहिलो पटक मानिसको अगाडि देखा पर्नुभयो, उहाँ एउटा आगोको स्तम्भको रूपमा हुनुहुन्थ्यो। तपाई त्यो विश्वास गर्नुहुन्छ, गर्नुहुन्छ? र...र कुनै पनि बाईबल पाठकलाई थाहा छ कि उजाडस्थानमा भएको त्यो आगोको स्तम्भ नै लोगोस हो, जुन करारको दूत हुनुहुन्थ्यो, जो ख्रीष्ट हुनुहुन्थ्यो।

128 किनभने, उहाँले भन्नुभयो...उहाँ हुनुहुन्थ्यो...यो थिएन...म विश्वास गर्छु कि यो त्यहाँ सन्त यूहन्ना छ मा हो, उहाँले भन्नुभयो, "अब्राहाम हुनभन्दा अघि," "म छु।" उहाँ त्यो "म हुँ" हुनुहुन्थ्यो।

129 त्यसैले, त्यो परमेश्वर हुनुहुन्थ्यो, पवित्र; यदि मानिसले पहाड छोयो भने पनि, ऊ मर्नुपर्छ, हेर्नुहोस्। ठिक छ। अब, त्यहि परमेश्वर उहाँले सृष्टि गर्नुभएको उहाँको सृष्टिसँग फर्केर काम गर्न कोशिष गर्दै हुनुहुन्थ्यो। अब, उहाँ तिनीहरुको अगाडि आउन सक्नुहुन्न, किनभने तिनीहरु पापी थिए,

र बाख्रा र भेडाको रगतले तिनीहरुको पाप कहिल्यै पनि धोएन। हामीलाई त्यो थाहा छ। यसले पापलाई छोप्यो मात्रै।

130 अब, तर तब त्यहि परमेश्वर जो आगोको स्तम्भ हुनुहुन्थ्यो, उहाँ शरीरमा आउनुभयो, उहाँको पुत्र मार्फत, र एउटा शरीरमा वास गर्नुभयो जसलाई प्रभु येशू ख्रीष्ट भनिन्थ्यो। बाईबलले भन्यो, "उहाँमा ईश्वरत्वको पूर्णता वास गर्दछ।" र येशूले भन्नुभयो...ठिक छ, पहिलो तिमोथी ३;१६, "कुनै विवाद विना, परमेश्वरको ईश्वरीय रहस्य महान छ।" र यदि तिनीहरुले यसलाई महान भन्न सक्छन्, किन, हामीले के गर्नेछौं, हेर्नुहोस्? "परमेश्वरको रहस्य महान छ, किनकि परमेश्वर शरीरमा प्रकट हुनुभयो, र स्वर्गदूतहरुबाट देखिनुभयो, र महिमामा लगिनुभयो।" र त्यस्तै। अब, र उहाँले सन्त यूहन्ना १४ मा भन्नुभयो, थोमसलाई, "जब तिमीले मलाई देखेको छौ, तिमीले पितालाई देखेको छौ। र किन तिमी भन्छु, 'हामीलाई पिता देखाउनुहोस्?" बाईबलले भनेको छ, कि, "परमेश्वर ख्रीष्टमा हुनुहुन्थ्यो, संसारलाई आफैमा मिलापमा ल्याउदै हुनुहुन्थ्यो।"

131 अब, परमेश्वर तिन व्यक्ति हुनसक्नुहुन्न, तिन परमेश्वरहरु। न त येशू आफ्नै पिता हुन सक्नुहुन्छ, एक। बुझ्नुभयो? त्यसैले, तपाई देख्नुहुन्छ, यो दुवै मौलिक रूपमा गलत छ।

132 अब, र अब यदि तपाईले ध्यान दिनुहुन्छ भने, त्यहाँ कुनै ठाउँ छैन... यदि हामीसँग तिनवटा परमेश्वरहरु थियो भने, हामीहरु मूर्तीपूजकहरु हौं। अब, हामीलाई त्यो थाहा छ।

133 जसरी मलाई एक पटक यहूदीले भनेको थियो, जब म ऊ सँग बोलिरहेको थिए, भन्यो, "ती मध्ये कुन चाहि तपाईको परमेश्वर हो? कुन चाहि तपाईको परमेश्वर कुन हो, पिता, पुत्र, वा पवित्र आत्मा? कुन चाहि तपाईको हो?"

र मैले भने, "किन, त्यहाँ कुनै तिनवटा परमेश्वरहरु छैन।"

134 उहाँले भन्नुभयो, "तपाईले परमेश्वरलाई टुक्रा—टुक्रामा चिर–चिरेर एउटा यहूदीलाई दिनसक्नुहुन्न।"

मैले भने, "होइन, श्रीमान।" मैले भने...

135 जब जोन राईन अन्धोपनबाट निको भएको थियो, त्यहाँ फोर्ट वेन, तपाईलाई थाहा छ; र यो रब्बी यहाँ मिस्वाहमा–...वा फोर्टमा...बेन्टन

हार्बर। उहाँले भन्नुभयो, “तपाईले परमेश्वरलाई तिन टुक्रा पारेर यहूदीलाई दिन सक्नुहुन्न।”

136 मैले भने, “पक्कै होइन। म गर्दिन।” मैले भने, “रब्बी, के तपाईलाई अगमवक्ताहरुलाई विश्वास गर्न गाह्रो छ?”

उहाँले भन्नुभयो, “छैन।”

137 मैले भने, “यशैया ९:६ मा, उहाँले कसको बारेमा बोलिरहनुभएको थियो, ‘हाम्रो निम्ति एउटा बालक जन्मिएको छ, एउटा छोरा दिईएको छ, उहाँ सल्लाहकार, शक्तिशाली परमेश्वर, शान्तीका राजकुमार’?”

उहाँले भन्नुभयो, “त्यो मसिह हुनुहुन्थ्यो।”

मैले भने, “त्यसो भए, रब्बी, मसिहको परमेश्वरसँग के सम्बन्ध हुनेछ?”

उहाँले भन्नुभयो, “उहाँ परमेश्वर हुनुहुनेछ।”

138 “त्यहि नै मैले सोचे।” बुझ्नभयो? अब, तपाई देख्नुहुन्छ, त्यो एकदम सहि हो। त्यहि नै उहाँ हुनुहुन्छ। र त्यसैले मैले भने, “मलाई भन्नुहोस् अब उहाँले गर्नुहुन्छ भनि अगमवक्ताले भनेको कुरामा येशूले पूरा गर्न कहाँ असफल हुनुभयो।” र उहाँ रुन थाल्नुभयो र वरपर हिड्न थाल्नुभयो। मैले भने, “त्यसबाट, जोन राईनले आफ्नो दृष्टि पाउनुभयो।” बुझ्नुभयो?

र उहाँले भन्नुभयो, “परमेश्वरको एउटा छोरा हुनबाट यो धेरै दूर छ!”

139 मैले भने, “महान यहोवाले एउटा स्त्रीलाई छाया दिनुभयो, जस्तो उहाँले गर्नुहुनेछ भनि अगमवक्ताले भनेका थिए, र एउटा रक्तकोष सृष्टि गर्नुभयो। र ठिक त्यहि रक्त कोषिकाबाट ख्रीष्टको शरीर बाहिर आयो।

140 “पुरानो करारमा, हेर्नुहोस्, रब्बी,” मैले भने, “जब एउटा मानिसले बलि चढाउन जान्थ्यो, उसले एउटा थूमा थियो। उसलाई थाहा थियो कि उसले परमेश्वरको आज्ञा तोडेको छ, त्यसैले उसले एउटा थूमा लियो। उसले आफ्नो पापहरु स्वीकार्यो, र यो थूमा मारियो। जब कि...उसको हात थूमामा रहेको बेलामा; उसको स्वीकारोक्ति जुन उसलाई थाहा थियो कि उसको पापको लागि ऊ मर्न पर्ने थियो, तर थूमाले उसको ठाउँ लिईरहेको थियो। र रक्त कोष तोडियो; र उसले आफ्नो हातले सानो थूमा लियो जबसम्म उसले महसूस गर्दछ कि यसको सानो जीवन मर्दै छ, र निस्केर

जाँदछ। त्यसपछि पूजारी, अवश्य पनि, आगोमा—रगत फाल्यो, न्यायको काँसको वेदीमा।"

141 त्यसपछि मैले भने, "त्यस मानिस, तब, ऊ त्यहाँबाट बाहिर जान्छ, यो जानेर कि थूमाले उसको साट्टो मर्यो, तर ऊ उही चाहना सहित जान्दछ जुन चाहना सहित ऊ आएको थियो, हेर्नुहोस्, किनभने यसले उसको पाप हटाउन सक्दैन। हेर्नुहोस्? तर, त्यसपछि, यस मामिलामा, 'उपासक एकपटक शुद्ध पारिसकेपछि, उसमा पाप गर्ने चाहना हुदैन।' त्यहाँ, त्यहाँ वार्षिक रुपमा बलि चढाईन्थ्यो। तर," मैले भने, "अब त्यहाँ यो समय छ, 'एकपटक उपासक शुद्ध पारिसकेपछि, उसमा पाप गर्ने चाहना हुदैन।' किनभने...

142 "हेर्नुहोस्, रब्बी। हेमोग्लोबिनमा, त्यो सानो जीवन जुन कोषिकामा शुरू हुन्छ, जुन यो पुरुष लिंगबाट, स्त्रीमा आउदछ। र उनले अण्डा उत्पादन गर्दछ; तर, एउटा कुखुराले अण्डा दिनसक्छ, तर यदि यो भालेसँग मिलनमा गएको छैन भने, यसले कहिल्यै पनि बच्चा निकाल्न सक्दैन।"

143 र मैले भने, "त्यसपछि परमेश्वर, सबै समय र अन्तरिक्ष भन्दा महान, एउटा स्त्रीको कोखमा एउटा सानो किटाणु बन्नुभयो।" र त्यसपछि मैले भने, "जब हामी आज बचाईएका छौ...येशू न त यहूदी न त अन्यजाती हुनुहुन्छ, किनकि अण्डाले केवल शरीर मात्रै पैदा गराउछ। जीवन रगतसँग थियो। त्यसैले हामी—हामी...बाईबलले भनेको छ, 'हामीहरु परमेश्वरको रगतले बाचेका छौ।' हेर्नुहोस्, उहाँ न त यहूदी न त अन्यजाती हुनुहुन्थ्यो; उहाँ परमेश्वर हनुहुन्थ्यो। त्यसैकारणले, जब हामी वेदीमा आउछौ र हाम्रा हातहरु राख्छौ, विश्वासद्वारा, उसको शिरमा, र कलवरीको चिरा र पिडा महसूस गर्छु, र हाम्रा पापहरु स्विकार्छौ, कि हामी गलत छौ भनि, र हाम्रो साट्टोमा उहाँ मर्नुभयो भनि!

144 "त्यसपछि, तपाई देख्नुहुन्छ," मैले भने, "त्यस थूमाको रगत यसमा फर्केर आउन सक्दैन, त्यो रगत जुन...कोषिका टुक्रेको थियो, यो थूमाको रक्तकोषिका टुक्राएर, जुन जीवन खुला छोडिएको थियो, त्यो उपासक कहाँ फर्केर आउन सक्दैन, किनभने त्यो पशुको जीवन थियो, र त्यो मानवको जीवनसँग मेल खान सक्दैन।

145 "तर यो समयमा, जब त्यो रक्तकोषिका टुक्रियो, त्यो मानिस मात्रै थिएन। त्यो परमेश्वरको जीवन थियो, जुन जारी गरिएको थियो। र जब

उपासकले आफ्नो हात राख्यो, विश्वासद्वारा, परमेश्वरको पुत्रमा, र आफ्नो पापहरु स्वीकार गर्दछ, अर्को मानिसको जीवन होइन, तर परमेश्वरको जीवन त्यस मानिसमा आउदछ, जुन अनन्त जीवन हो। *जोइ* शब्द, जुन 'परमेश्वरको आफ्नै जीवन' भनि अनुवाद गरियो। र उहाँले हामीलाई जोइ दिनुहुन्छ भनि भन्नुभयो, त्यो अनन्त जीवन, र अब हामी परमेश्वरका छोरा र छोरीहरु हौँ। त्यहाँ तपाई हुनुहुन्छ।"

146 मैले भने, "अब यो के हो? यो परमेश्वर हुनुहुन्छ, कृपा प्रदर्शन। उहाँ आउनुभयो, पहिलो; 'कुनै मानिसले उहाँले छुन सकेन,' किनभने मानिसले पाप गरेको थियो। त्यसपछि उहाँ शरीरमा तल आउनुभयो, 'पापलाई चाख्नको निम्ति...पापलाई लिनको निम्ति।' हेर्नुहोस्, उहाँ, न्यायी हुनको लागि, परमेश्वरले गर्न सक्ने एक मात्र काम, यो त्यसरी गर्नु थियो।"

147 उदाहरणको लागि, यदि आज बिहान यो दर्शकको अधिकार क्षेत्र मसँग भईदिएको भए के हुन्थ्यो, त्यसरी नै परमेश्वरसँग मानवजाति माथि थियो, र मैले भने, "पहिलो मानिसले चौकीमा हेर्छ, मर्छ," अनि टम्मी हिक्सले यसमा हेर्छ? अब, उदाहरणको लागि, म लिन्छु कार्ल–..."भाई कार्ल्सन, तपाई उहाँको निम्ति मर्नुहुन्छ।" त्यो न्यायी हुनेछैन। म भन्छु, "लियो, तिमी मेरो सचिव हौँ; तिमी उसको लागि मर।" त्यो न्यायी हुनेछैन। "बिल्ली पल, मेरो छोरा, उसको लागि तिमी मर।" त्यो न्यायी होइन। म न्यायी हुनसक्ने एक मात्र तरीका, उसको ठाउँ म आफैले लिनु हो।

148 र त्यहि नै परमेश्वरले गर्नुभयो। उहाँ, परमेश्वर, आत्मा हुनुहुन्छ। र उहाँले सृष्टि गर्नुभयो...उहाँ, उहाँले आफ्नो वर्ग परिवर्तन गर्नुभयो। यो सानो यहोवाको बारेमा सोच्नु, मानिसहरुको लागि, घत लाग्ने खालको हुनपर्ने हो। उहाँ आउन सक्नुहुन्थ्यो, पूरा वयस्क मानिस बनेर, तर उहाँ डुँडमा आउनुभयो, एउटा मलको थुप्रोमा। सानो यहोवा, एउटा रोईरहेको बच्चा जसरी। सानो यहोवा, खेलिरहेको बच्चा जसरी। सानो यहोवा, सिकर्मीको काम गर्दै, एउटा मजदूर जसरी। सानो यहोवा, किशोरवस्थामा। यहोवा, स्वर्ग र पृथ्वीको बीचमा झुण्डिएर, मातिएका लार र उहाँको अनुहारमा सिपाहीहरुको थुकका साथ। यहोवा, उहाँको सन्तानको लागि मर्दै। यहोवा, मुक्तिको लागि, मर्दै हुनुहुन्थ्यो; कुनै अन्य व्यक्ति होइन, तर परमेश्वर आफै नै! हेर्नुहोस्, परमेश्वर, त्यो उहाँको कार्यलय थियो। किन? उहाँ मानिसको हृदयमा फर्किन कोशिष गर्दै हुनुहुन्छ।

149 अब, हामीले उहाँलाई छुन सक्दैनौ, *त्यहाँ। यहाँ,* हामीले उहाँलाई हाम्रो हातहरुले महसूस गर्यौ। अब त्यो शरीर बलिदानद्वारा, उहाँले के गर्नुभयो? उहाँ हामी *भित्र* यहोवा बन्नुभयो। हामीहरु उहाँको अंगहरु हौँ। पेन्टिकोष्टको दिनमा, आगोको स्तम्भ आफै नै आउनुभयो, र हरेकमा अन्यभाषाहरुको आगो आयो, यो देखाउदै कि परमेश्वरले उहाँको मण्डलीमा आफैलाई अलग्याउदै हुनुहुन्थ्यो।

150 त्यसपछि, भाईहरु, यदि हामी संगै आउन मात्रै सके, र त्यो संगै ल्याउन सके! त्यसपछि हामीले यहोवालाई पूर्णतामा पायौ, जब हामी एकसाथ आउदछौ। तर कसरी हामीले सक्छौ, जब *यो* एउटाले अन्य भाषाहरुमा बोलेको छ र बप्तिष्मा पाएको छ, *यो* एउटा; र त्यसपछि *यो* आगोको फिल्का यहाँनिर राखिरहेको छ, र *यो* एउटा? आउनुहोस् यसलाई सँगै राखौ।

151 जब परमेश्वर, पेन्टिकोष्टको दिनमा, तल आउनुभयो, र बाईबलले भयो, "ती मध्ये हरेकमा अन्यभाषाको आगो आयो।" र तिनीहरु..."आगो जसरी, अन्यभाषाहरु," फिल्काहरु। यो त्यो आगोको स्तम्भले आफैलाई अलग्याउदै र विभाजन गर्दै थियो, मानिसहरुको बीचमा, ताकीहरु भाईहरु हुन सकौं। "त्यस दिन तिमीहरुले थाहा पाउनेछौ कि म पितामा छु, पिता ममा; म ममा, र तिमीहरु ममा।" र, हामी, हामीहरु एक हौ। हामीहरु एक हौ, विभाजित होइन।

152 अब, यहोवा परमेश्वर, माथि *यहाँ,* मानव जातिलाई छुन सक्नुहुन्न, उहाँको आफ्नै पवित्रताको नियमको कारणले; यहोवा परमेश्वरको हाम्रो लागि पाप बन्नुभयो, र मूल्य तिर्नुभयो; ताकी त्यहि यहोवा परमेश्वर आउन सकून् र हामी *भित्र* जिउन सकून्। परमेश्वर हामीहरु *माथि*; परमेश्वर हामीहरु *सँग*; परमेश्वर हामी *भित्र*। तिन परमेश्वरहरु होइनन्; एक परमेश्वर! प्राध्यापकहरु पागल हुन्छन्, यो पत्ता लगाउनलाई। यो—यो एउटा प्रकाश हो। यो तपाईलाई प्रकट गरिनुपर्छ।

153 अब, अब, जब यो बप्तिष्माको विषयमा आउँछ, अब, धेरै मानिसहरु... अब, तपाईले त्यो गर्नुपर्छ, भाईहरु। वा, यो मैले भाई सिजम र भाई नेसलाई भनेको जस्तै हो, कि यदि तपाई...विवाद—आउँदछ। र कुनै पनि, तपाईहरु धेरैजना विद्वानहरु म भन्दा बढी पर्याप्त छन्; तर मैले यस

बिषयमा धेरै अध्ययन गरको छु। र मैले *पूर्व–नाईसिन पिताहरु*, र *नाईसिन सभा*, र सबै इतिहासकारहरु, र त्यस्तै अन्यहरु पढेको छु।

154 त्यो मुद्धा नाईसिन सभामा आयो। दुवै पक्षले बीउ रोप्न गए; जब क्याथोलिक मण्डलीले चरम त्रिएकको पक्षले लियो, र अर्कोले एकतावादी पक्ष लियो, र दुवैजना बाहिर गयो। एकदम ठिक हो, किनकि मानिससँग यो बिषयमा केहि सरोकार थियो।

155 तपाईले परमेश्वरलाई यो गर्न दिनुपर्छ, हामीले यो पत्ता लगाउन कोशिष गर्ने कुनै आवश्यकता छैन। आउनुहोस् दाजुभाई बनौ। केवल गईराखौ र उहाँले गर्न गईरहनुभएको कुरा परमेश्वरलाई गर्न दिऔं। यदि उहाँ असीम र सर्वज्ञानी हुनुहुन्छ भने, र अन्त्यलाई शुरू देखि भविष्यवाणी गर्नुभएको छ भने, हामीले यसको विषयमा के गर्न सक्छौ र? केवल अगाडि बढिरहनुहोस्। त्यो तरिका हो। कदम राख्नुहोस्, जस्तो मैले गत राति भनेको थिए, हाम्रो महान यहोशूसँग।

156 अब हेर्नुहोस्, यदि त्यहाँ तिन परमेश्वरहरु छन्...म केवल तपाईलाई देखाउन चाहन्छु कि यो कति हास्यास्पद छ भनि। यदि त्यहाँ तिन परमेश्वरहरु छन् भने, त्यसो भए येशू उहाँको आफ्नै पि–...येशू आफ्नै पिता बन्न सक्नुहुन्न, एउटा भएर। र, यदि त्यहाँ तिनजना छन् भने, उहाँ कन्याबाट जन्मनुभएको होइन। अब कति धेरै...? म यो भन्न जाँदैछु कि *यो* पिता परमेश्वर हुनुहुन्छ; र *यो* पुत्र परमेश्वर हुनुहुन्छ; र *यो* पवित्र आत्मा परमेश्वर हुनुहुन्छ।

157 अब, यहाँका तपाई भिन्न भाईहरुको लागि, तपाईले केवल एक मिनेटको लागि हेर्नुहोस् र मैले कता संकेत गर्न खोज्दैछु भनि तपाईले देख्नुहुन्छ। म प्रार्थना गर्दछु कि परमेश्वरले तपाईहरुलाई यो देखाउनुहुनेछ। अब, हेर्नुहोस्, तपाईहरु दुवैजनाले एकै कुरा विश्वास गर्नुहुन्छ, तर तपाईहरुको विचमा शैतान आएको छ र तपाईले यसको विषयमा टुक्राएको छ। यो ठ्याक्कै एउटै कुरा हो, र म तपाईलाई यो प्रमाणित गर्नेछु, परमेश्वरको मद्दत, र परमेश्वरको बाईबलबाट। यदि यो बाईबल होइन भने, यसलाई नलिनुहोस्। त्यो सहि हो।

158 तर अब हेर्नुहोस्। *यो* (के हो?) पिता परमेश्वर; *यो* पुत्र परमेश्वर; *यो* पवित्र आत्मा परमेश्वर। ठिक छ, अब, अब एक मिनेटको लागि रोकौ, ती तिनलाई थाहा बाहिर राखेर; पिता परमेश्वर, पुत्र, पवित्र आत्मा।

159 ओ, म—मसँग यो गर्नको लागि समय हुनेछैन। म...[भाईले भन्नुहुन्छ, "अघि बढ्नुहोस्! अघि बढ्नुहोस्!"—सम्पा।] तर, हेर्नुहोस्, ठिक छ, म जत्तिसक्दो चाडो गर्नेछु। मलाई माफ गर्नुहोस्, मेरा भाईहरु, तर म—म—मैले तपाईसँग कहिल्यै कुरा गर्न पाएको छैन, र म—म यो गर्न चाहन्छु।

160 र त्यसपछि, हेर्नुहोस्; परमेश्वर पिता, पुत्र, पवित्र आत्मा। अब, येशू ख्रीष्टको पिता को हुनुहुन्थ्यो? परमेश्वर येशू ख्रीष्टको पिता हुनुहुन्थ्यो। हामीहरु सबैले त्यो विश्वास गर्छौं। के त्यो सहि हो? [मण्डलीले भन्छ, "आमेन।"—सम्पा।] ठिक छ।

161 अब, जब हामीले मत्ती २८:१९ लिन्छौ, जब येशूले भन्नुभयो, "यसकारण जाओ, सबै जातीलाई, पिता, पुत्र, पवित्र आत्माको नाउँमा बप्तिष्मा देओ," त्यसको दस दिन पश्चात, पत्रुसले भने, "पश्चाताप गर, तिमीहरु सबैले येशू ख्रीष्टको नाउँमा बप्तिष्मा लेओ।" त्यहाँ कहिँ सिधा विरोधाभास छ। अब, नगरौं...त्यहाँ एउटा...

162 सबैले गवाही दिएका छन्, र सबैकुराहरु। यहाँ यो छ। यहाँनिर मेरो विश्वास छ, र म केवल तपाईहरुको अगाडि राखिरहेको छु, भाईहरु। म यो पुल्पिटमा भन्दिन; यो तपाईको हातमा छ। तर म तपाईलाई त्यो देखाउन चाहन्छु जुन मैले दुवै पक्षमा देखेको छु, ताकी पवित्र आत्माले तपाईलाई यो प्रकट गराउनुभएको होस्, बुझ्नुभयो।

163 अब, मत्ती २८:१९, र यदि—यदि मत्ती २८:१९ प्रेरित २:३८ विरुद्ध छ भने, तब त्यहाँ बाईबलमा विरोधाभास हुँदछ, र यो लेखिएको कागज लायकको छैन।

164 अब यदि तपाईले मत्ती १६ औ अध्यायमा ध्यान दिनुहुन्छ भने, येशूले पत्रुसलाई प्रकाश दिनुभयो, र उनलाई साँचाहरु दिनुभयो।

165 अब, याद गर्नुहोस्, बाईबल कुनै मानव निर्मित योजनाको धर्मशास्त्रबाट प्रकट गरिएको होइन। यो होइन। यो एउटा प्रकाश हो।

166 यो एउटा प्रकाश थियो, शुरू गर्नको लागि। किन हाबिलले कयिनले भन्दा उत्तम बलि चढाए? "यो उनलाई प्रकाश भएको थियो," यो एउटा पिच, र स्याउ, र सुन्तला, र स्याउ होइन। यदि स्याउले महिलालाई तिनीहरु नग्न छन् भन्ने थाहा गराउछ भने, हामीले फेरी पनि स्याउहरु बाढेको राम्रो, भाई। के तपाईलाई त्यस्तो लाग्दैन? अब, त्यो, त्यो अपमानजनक सुनिन्छ, तर मैले त्यो भन्न चाहेको होइन। तर, यो स्याउ थिएन। होइन,

महोदय। अब, र यदि त्यो हो भने, तब, "यो हाबिललाई प्रकाश गरिएको थियो," कि त्यो उसको पिताको रगत थियो। त्यसैले उनले रगत चढाए, किनकि यो एउटा प्रकाश थियो। सबैकुरा त्यहि अधारमा बनेको छ।

167 अब हेर्नुहस्, यहाँनिर एउटा बुढो अज्ञानी माझी छ, पढाई पनि छैन... बाईबलले भनेको छ कि उनी अज्ञानी र अशिक्षित थिए। तर उनी त्यहाँ उभिरहेका थिए, र येशूले प्रश्न सोध्नुभयो, "तिमीले म मानिसको पुत्र को हुँ भनि भन्दछौ?"

168 एउटाले भन्यो, "किन, तपाई—तपाई मोशा–" वा, "तिनीहरुले—तिनीहरुले भने, 'तपाई मोशा हुनुहुन्छ।"

"तिनीहरुले के, म को हुँ भन्छन्?"

एउटाले भन्छ, "किन, तपाई यर्मिया वा अगमवक्ताहरु, र *यो, त्यो,* वा अर्को *हुनुहुन्छ।*"

169 उहाँले भन्नुभयो, "प्रश्न त्यो होइन। मैले *तिमीहरुलाई* सोधे। तिमीहरु के भन्छौ म को हुँ?"

170 र पत्रुस अगाडि आए, र भने, "तपाई परमेश्वरको पुत्र हुनुहुन्छ।"

171 र उहाँले भन्नुभयो, "योनासका छोरा, तिमी धन्यको हौ।" अब हेर्नुहोस्, "मासु र रगतले तिमीलाई यो प्रकट गरेको होइन, तर स्वर्गमा हुनुहुने मेरा पिताले तिमीलाई यो प्रकट गर्नुभयो।" बुझ्नुभयो?

172 अब हेर्नुहोस्, अब, क्याथोलिक मण्डलीले भन्छ कि उहाँले आफ्नो मण्डली पत्रुस माथि बसाल्नुभयो। त्यो गलत हो।

173 प्रोटेस्टेन्ट मण्डलीले भन्छ, "उहाँले आफैमा निर्माण गर्नुभयो।" तर अब हेर्नुहोस् र पत्ता लगाउनुहोस्, हेर्नुहोस् यो हो या होइन भनि।

174 उहाँले उहाँ को हुनुहुन्थ्यो त्यसको आत्मिक प्रकाशमा निर्माण गर्नुभयो, हेर्नुहोस्, किनभने उहाँले भन्नुभयो, "योनासको छोरा, सिमोन, तिमी धन्यका हौँ। यो तिमीलाई मासु र रगतले प्रकट गरेको होइन। म तिमी सिमोनलाई भन्छु; यस चट्टान माथि" (कुन चट्टान? प्रकाश) "म मेरो मण्डलीलाई बसाल्नेछु, र नरकका ढोकाहरु यसको विरुद्धमा विजय हुनेछैन।"

175 त्यसपछि, मत्ती २८ उद्धृत गरेको बलेमा जब पत्रुस उपस्थित थिए, र फर्किएर र, दस दिन पश्चात, त्यहि प्रकाश सहित, र "प्रभु येशू ख्रीष्ट"

को नाउँमा बप्तिष्मा दिए। उनले किन यस्तो गरे? परमेश्वरको प्रकाशले; र राज्यको साँचाहरु उनीसँग थिए, भाई।

176 अब मैले तपाईलाई एक मिनेटको लागि चोट पुर्याउन सक्छु, तपाईको एक पक्षलाई, तर केवल एक मिनेटको लागि रोक्नुहोस्। त्यहाँ बाईबलमा कुनै एउटा पनि ठाउँ छैन जहाँ कुनै व्यक्तिले “पिता, पुत्र, पवित्र आत्मा” को नाउँमा बप्तिष्मा लिएको होस्। त्यहाँ धर्मशास्त्रमा एउटा ठाउँ पनि छैन। र यदि त्यहाँ छ भने, यसलाई देखाउनुहोस्। र यदि तपाईले पवित्र इतिहासमा कतै बेट्टाउनुहुन्छ भने, जबसम्म क्याथोलिक मण्डली बनेको थिएन, म तपाईलाई त्यो देखाउनको निम्ति भन्दछु। त्यहाँ कुनै ठाउँ छैन, अब, र त्यो सत्य हो।

तर अब एक मिनेट पर्खनुहोस्, तपाई एकवादी, मात्रै एक सेकेन्ड।

177 अब, त्यहाँ कुनै ठाउँ छैन जहाँ...यदि कुनै मानिसले मलाई धर्मशास्त्रको पद देखाउछ जहाँ त्यो समारोह प्रयोग भएको होस् बाईबलमा, जुन “पिता, पुत्र, पवित्र आत्मामा छ,” तपाई मलाई बताउन दायित्वबद्ध हुनुहुन्छ कि कसैले त्यसमा बप्तिष्मा लिएको छ भने।

178 र ती मध्ये केहिले भन्छ, “ठिक छ, म येशूले के भन्नुभयो त्यो लिन्छु, पत्रुसले भनेको होइन।” यदि तिनीहरु, एक–अर्काको विपरितमा थिए भने, तपाईले के गर्न जानुहुनेछ? यदि यो सबै परमेश्वर हुनुहुन्न भने, बाईबलको कुन भाग सहि हो?

179 यदि यो सबै मिल्दोजुल्दो छ सँगै आउनुपर्छ, र केवल परमेश्वरको प्रकाश हुनुपर्दछ। हाम्रा विद्यालयहरुले यो कहिल्यै पढाउदैनन्। यो एउटा प्रकाश हो, कि तपाईले यो देख्नुपर्छ।

180 त्यसपछि, यदि ती दुई मानिसहरु विपरित थिए भने, एक अर्कामा, त्यसोभए हामीले कस्तो खालको बाईबल पढिरहेका छौ? कसरी मैले थाहा पाउनुकि यूहन्ना १४ सहि हो, या होइन भनि? कसरी मैले थाहा पाउनु कि यूहन्ना ३ सहि हो, या होइन भनि? कसरी, कसरी, कसरी मैले थाहा पाउने? बुझ्नुभयो?

181 तर परमेश्वरमा मेरो विश्वास बनाउने एक मात्रै तरिका, बाईबल सहि हो भनि जान्नु हो, र यो सहि हो भनि विश्वास गर्नु, र ठिक यहिसँग बस्नु हो। यद्धपि मैले यो नबुझे पनि, म यसलाई जसरी पनि, चलाउछु।

182 तर जब यी विरोधाभास माथि आउँछ, तब यो पत्ता लगाउनको लागि, म परमेश्वरको अगाडि जान्छु। र उही स्वर्गदूत जसले मलाई सभामा, र रातमा भेट्नुहुन्छ, उहाँ नै हुनुहुन्छ जसले मलाई यो सिकाउनुभयो। हेर्नुहोस्? अब यो यस्तो हो या होइन भनि हेर्नुहोस, यो अब कसरी हो।

183 अब, मत्ती २८:१९, अब एक पलको लागि हेरौ। र अब म प्रेरित २३८ लाई ठिक यहाँ लिन जाँदैछु, जहाँ पत्रुसले भनेको छ, "प्रभु येशू ख्रीष्ट।" र मत्तीले भनेको छ, "पिता, पुत्र, पवित्र आत्मा।"

184 अब सुन्नुहोस्। उनले भने, "तिनीहरुलाई बप्तिष्मा देओ..." "पिताको नाउँमा, पुत्रको नाउँमा, पवित्र आत्माको नाउँमा" होइन। उहाँले कहिल्यै पनि त्यसो भन्नुभएन। त्यहाँ कुनै "नाम...नाममा...नाममा" छैन।

185 उहाँले कहिल्यै पनि भन्नुभएन, "तिनीहरुलाई पिता, पुत्र, र पवित्र आत्माको *नामहरुमा* बप्तिष्मा देओ," किनभने यो अर्थपूर्ण समेत छैन।

186 उहाँले भन्नुभयो, "तिनीहरुलाई पिता, पुत्र, र पवित्र आत्माको नाममा (एन–इ–एम–ई) बप्तिष्मा देओ।" के त्यो सहि हो? "...पिता, पुत्र, र पवित्र आत्माको," संयोजन, "र, र, र।"

187 *नामहरुमा*, होइन। "पिताको नाममा, पुत्रको नाममा, पवित्र आत्माको नाममा" होइन। "पिता, पुत्र, र पवित्र आत्माको नामहरुमा," होइन। तर, "नाममा," एन–ए–एम–ई, एक वचन, "पिता, पुत्र, र पवित्र आत्मा।" अब, त्यो मध्ये कुन चाहि सहि नाम हो बप्तिष्मा दिनको लागि? यो एउटा नाम हो। कुन चाहि हो? के "पिता" सहि नाम हो, वा "पुत्र" सहि नाम हो, वा "पवित्र आत्मा" सहि नाम हो?

188 यो एउटा "नाम," हो कतै। के त्यो सहि हो? [मण्डलीले भन्छ, "आमेन।"—सम्पा।] ठिक छ, अब म तपाईलाई केहि कुरा सोध्न चाहन्छु, त्यसोभए। यदि "नाम," त्यसोभए, यदि यशूले भन्नुभयो, "तिनीहरुलाई पिता, पुत्र र पवित्र आत्माको नाममा बप्तिष्मा देओ..." तपाईहरु कतिजनाले येशूले त्यो भन्नुभयो भनि विश्वास गर्नुहुन्छ? ["आमेन।"] त्यो धर्मशास्त्र हो। यो मत्ती २८:१९, "पिता, पुत्रो नाममा..."

189 [भाई ब्रन्हामले एउटा दुविधा देख्नुहुन्छ—सम्पा।] यो केहि कुरा जुन हामी...होइन, यो, मैले सोचे...ठिक छ, श्रीमान। [एउटा भाईले भन्नुहुन्छ, "माग गर्नुहोस्, भाई ब्रन्हाम?"] हो। ["म यो टेपलाई परिवर्तन गर्न चाहन्छु, र म यो छुट्टाउन चाहन्न।"] ठिक छ। [टेपमा रिक्त स्थान।]...?...

190 अब, “पिता, पुत्र, र पवित्र आत्माको नाममा।” अब सुन्नुहोस्, भाई। त्यहाँ “पिता” को नाममा भन्ने जस्तो कुनै कुरा छैन, किनभने *पिता* एउटा नाम होइन। यो एक शिर्षक हो। त्यहाँ “पुत्र,” नाम भन्ने जस्तो कुनै कुरा छैन, किनकि *पुत्र* एउटा उपाधि हो। त्यहाँ “पवित्र आत्मा” भन्ने जस्तो कुनै नाम छैन। त्यो नै उहाँ हुनुहुन्छ।

191 मैले त्यो एक पटका सेवकहरुको बिहानीको नास्तामा भन्दै थिए, र एउटा महिला...अनुक्रम भन्दा बाहिर, अवश्य पनि, जो कोहिले पनि बाधा पुर्याउँछ, त्यस्तो कुनै पनि कुरामा। उनले भनिन्, “एक पटक पर्खनुहोस्! म माफी चाहन्छु!” भनिन्, “पवित्र आत्मा एउटा नाम हो।”

192 मैले भने, “त्यहि नै यो हो। म एउटा मानव हुँ, तर मेरो नाम ‘मानव’ होइन।”

193 यो पवित्र आत्मा हो। त्यो एउटा नाम होइन। यो उहाँ नै हुनुहुन्छ। यो एउटा संज्ञा हो, अवश्य पनि, तर यो एउटा होइन...यो एउटा—यो एउटा...यो एउटा नाम होइन।

194 अब, यदि उहाँले भन्नुभयो, “तिनीहरु पिता, र पुत्र, र पवित्र आत्माको नाममा बप्तिष्मा देओ,” र न त पिता, पुत्र, वा पवित्र आत्मा नाम हो, त्यसोभए नाम के हो त? हामीहरु यो पत्ता लगाउन चाहन्छौ।

195 अब, हामीले यो सबैलाई यहाँ एउटा ठाउँमा राख्न सक्छौ, यदि तपाईले केवल ध्यान दिनुहुन्छ र—र—केहि समय दिनुहुन्छ भने, वा मैले भन्न खोजेको, केहि समय बचत गर्नुहुन्छ भने। अब मत्ती २८:१९ लाई ध्यान दिनुहोस्। अब, म त्यो भन्दिन...

196 तपाईले शायद, तपाईले शायद यो गर्नुभएको होला, तपाई केहि दिदिबहिनी वा दाजुभाईहरुले। तपाईले एउटा पुस्तक उठाउनुभएको होला, कुनै दिन, र त्यसको पछाडिपट्टि हेर्नुभयो होला, र भन्नुभयो, “यूहन्ना र मरियमले सधै खुसी जीवन बिताए।” ठिक छ, यूहन्ना र मरियम को थिए? के...यूहन्ना र मरियम को थिए जो त्यसपछि सधै खुसीको जीवन बिताए? त्यहाँ केवल एउटा मात्रै तरीका छ जहाँ यूहन्ना र मरियम को थिएन भनि तपाईले थाहा पाउन सक्नुहुनेछ; जुन, यदि यो तपाईको लागि पहेली हो भने, फर्केर जानुहोस् र पुस्तक पढ्नुहोस्। के त्यो सहि हो? फर्केर पहिलोमा जानुहोस् र यसलाई पढ्नुहोस्, र यसले तपाईलाई यूहन्ना र मरियम को हुन् भनि बताईदिन्छ।

197 ठिक छ, यदि येशूले भन्नुभयो, येशू ख्रीष्ट जो परमेश्वरको पुत्र हुनुहुन्छ, जसले भन्नुभयो, “यसकारण जाओ, सबै जातिलाई सिकाओ, तिनीहरुलाई पिता, पुत्र, र पवित्र आत्माको नाममा बप्तिष्मा देओ,” र न त *पिता*, *पुत्र*, वा *पवित्र आत्मा* एउटा नाम हो, त्यसोभए, यदि यो एउटा पहेली हो भने, हामीहरु पुस्तकको पहिलो पुस्तकमा गएको बेस हुन्छ।

198 अब आउनुहोस् फर्केर मत्तीको पहिलो अध्यायमा पल्टाऔ, र हामीहरु त्यहाँ शुरू गर्नेछौ, जहाँ वंशावली दिईएको छ, यो तल १८ औ पदसम्म दिईएको छ।

199 अब हेर्नुहोस्, अब एक मिनेटको लागि हेर्नुहोस्। *यो पिता* हो, मेरो दाँया पट्टि; *यो* बीचमा पुत्र हो; र *यो* पवित्र आत्मा हो। अब, *यो* येशू ख्रीष्टको पिता हुनुहुन्छ। के यो सहि हो? परमेश्वर येशू ख्रीष्टको पिता हुनुहुन्छ। हामी सबैले त्यो विश्वास गर्छौ? [मण्डलीले भन्छ, “आमेन।”—सम्पा।] ठिक छ।

200 अब मत्ती १:१८ ले भनेको छ:

> *अब येशू ख्रीष्टको जन्म यस प्रकारले भयो: जब... उहाँकी आमा मरियमको मगनी योसेफसँग भएको थियो, तर* उनीहरुको...*विवाह हुन अघि, मरियम* एउटा *बालकसहित गर्भवती भएकी थाहा भयो...* [मण्डलीले भन्छ, “*पवित्र आत्मा*।”—सम्पा।]

201 मैले सोचेको थिए कि *परमेश्वर* उहाँको पिता हुनुहुन्छ।

> *उनले एउटा बालक जन्माउनेछिन्,...*तिनीहरुले *उहाँको नाउँ येशू राख्नेछन्:...*

> तर *तिनका पति योसेफ धार्मिक मानिस भएका हुनाले,... तिनलाई शर्ममा पार्ने* इच्छा नगरी, तर *तिनलाई गुप्तमै त्याग्ने इच्छा गरे।*

> र जब *उनले यी कुरा विचार गर्दैथिए, सपनामा परमप्रभुका दूत देखा परे, र उनलाई यसो भने, योसेफ, दाऊदका छोरा, तिम्री पत्नी मरियमलाई स्वीकार गर्न नडराऊ: किनभने जो तिनको गर्भमा हुनुहुन्छ, उहाँ...*[मण्डलीले भन्छ, “*पवित्र आत्मा।*”—सम्पा।]

202 मैले सोचेको थिए कि परमेश्वर उहाँको पिता हुनुहुन्छ। अब, के उहाँको दुईवटा पिताहरु छन्, भाईहरु? ["होइन।"] उहाँसँग हुन नै सक्दैन। यदि उहाँसँग थियो भने, उहाँ एउटा नाजायज बालक हुनेथियो, र हामीले त्यहाँ कस्तो खालको धर्म पायौ? तपाईले स्वीकार गर्नुपर्छ कि परमेश्वर पिता र पवित्र आत्मा उही एउटै आत्मा हुनुहुन्छ। निश्चय नै हो। पक्कै पनि, यो उही एउटै आत्मा हो। अब, हामीलाई यो गर्यौ, र त्यो हेर्नुहोस्।

> *नले एउटा पुत्र जन्माउनेछिन्, र* तिमीले *उहाँको नाउँ येशू राख्नेछौ: किनभने उहाँले आफ्ना मानिसहरुलाई* तिनीहरुका पापबाट *बचाउनुहुनेछ।*

> ...*अगमवक्ताद्वारा परमप्रभुले बोल्नुभएको वचन पूरा हुनलाई नै, यी* सबै *भएका हुन्*...

203 म शास्त्र उद्धृत गर्दैछु। म जाँदै गर्दा, तपाई सेवकहरुलाई थाहा छ।

> ...*अगमवक्ताद्वारा परमप्रभुले बोल्नुभएको वचन*... पूरा हुनलाई नै, यी सबै, भएका हुन्,

> ...*एउटि कन्या* गर्भवती *हुनेछ, र*...*एउटा* बालक *जन्माउनेछिन, र तिनीहरुले उहाँको नाउँ इम्मानुएल राख्नेछन्, जुनको* अर्थ हो,...[मण्डलीले भन्छ, "*परमेश्वर हामीहरुसँग हुनुहुन्छ।*"—सम्पा।]

204 "परमेश्वर हामीसँग!" के त्यो सहि हो?

205 त्यसोभए पिता, पुत्र, र पवित्र आत्माको नाम के हो? [एउटा भाईले भन्छ, "येशू ख्रीष्ट।"—सम्पा।] ठिक छ, पक्कै पनि। त्यहिकारणले नै गर्दा पत्रुसले तिनीहरुलाई "येशू ख्रीष्टको" नाममा बप्तिष्मा दिए।

206 तर, मलाई मतलब छैन, चाहे तपाई शेरोनको गुलाफको नाममा बप्तिष्मा हुनुभयो, वा घाटीको लिली, बिहानको तारा, त्यो पनि, उपाधिहरु हुन्। यदि तपाईको हृदय परमेश्वर प्रति सहि छ भने, उहाँलाई तपाईको हृदय थाहा छ।

207 तर अब, अब, मैले त्यो व्यक्त गरे। अब, अब मैले भने...अब भाई सिजमले भने, "अब!" अवश्य पनि, निश्चय नै, त्यो एकवादी जस्तो देखिन्छ, त्यसैले उहाँ त्यसको लागि सहि हुनुहुन्छ।

208 अब मैले भने, “अब यहाँनिर म तपाईलाई केहि भन्न चाहन्छु अहिले।” बुझ्नुभयो? मैले भने, “अब म तपाईलाई यो प्रामाणित गर्न चाहन्छु कि यी, दुवै पुरुषहरुले, एउटै कुरा भन्नुभयो।”

209 अब, मत्तीले भन्यो, “पिताको नाउँमा।” के त्यो सहि हो? [मण्डलीले भन्छ, “आमेन।”—सम्पा।] ठिक छ। र पत्रुसले भने, “परमप्रभुको नाममा।” मत्ती २८:१९ भन्यो, “पिताको नाममा,” र प्रेरित २:३८ ले भन्यो, “परमप्रभुको नाममा।” दाऊदले भन्यो, “**प्रभुले** मेरो प्रभुलाई भन्नुभयो।” यो को थियो? पिता र परमप्रभु एउैट नाम हो। दाऊदले भने, “**प्रभुले** मेरो प्रभुलाई भन्नुभयो, ‘तिमी मेरो दाहिने हातमा बस।’” हेर्नुहोस्, “पिताको नाममा; परमप्रभुको नाममा।”

210 र मत्तीले भन्यो, “पुत्रको नाममा,” र पत्रुसले भने, “येशूको नाममा।” पुत्र को हो? येशू।

211 “पवित्र आत्माको नाममा,” मत्ती थिए; र पत्रुसले भने, “ख्रीष्टको नाममा,” त्यो लोगोस।

212 *पिता, पुत्र, पवित्र आत्मा,* “प्रभु येशू ख्रीष्ट।” किन, यो हुनसक्नेसम्मको सिद्ध छ। बुझ्नुभयो?

213 भाई सिजमले मलाई भन्नुभयो, वा, भाई सिजम, एकवादी भई, उहाँले भन्नुभयो, “भाई ब्रन्हाम, त्यो सहि हो, तर,” उहाँले भन्नुभयो, “त्यो *यो* हो।”

214 मैले भने, “त्यसोभए, यो *त्यो* हो।” त्यो सहि हो। बुझ्नुभयो? मैले भने, “यदि त्यो *यो* हो भने, यो *त्यो* हो। त्यसैले तपाई के कुरामा लडिरहनुभएको छ?”

215 मैले भने, “मलाई तपाईलाई सुझाव दिन दिनुहोस्, भाई। यदि मैले कहिल्यै कुनै व्यक्तिलाई बप्तिष्मा दिए भने, यहाँ के छ...”

216 मैले भने, “अब, यहाँ डा. नेस हुनुहुन्छ।” र तपाई...कसैले भन्यो, केहि समय अगाडि, तपाई भाईहरु, जसले डा. नेसलाई चिन्नुहुन्छ।

217 ठिक छ, म भन्नेछु, यहाँ, भाई हिक्स यहाँ हुनुहुन्छ, उहाँ...मलाई लाग्छ उहाँसँग डाक्टरको डिग्री छ। के त्यो सहि हो? ठिक छ।

218 अब मैले भने, “यदि डा. नेस, यहाँ बसिरहनुभएको छ...” अब मैले भने, “यदि मैले चाहे भने...” अब, जब म एउटा व्यक्तिलाई पानीमा लान्छु,

तिनीहरुलाई बप्तिष्मा दिनको लागि, उहाँले गर्नुभएको जस्तै गरी म चिन्छु, मैले भने, “त्यो उपाधिहरु हुन् जुन उहाँको नाममा गए।”

219 मैले भने, “अब, एसेम्बली भाईहरुले उपाधि प्रयोग गरिरहनुभएको छ, र एकवादी भाईहरुले नाम प्रयोग गरिरहनुभएको छ।” मैले भने, “अब म तपाईलाई प्रमाणित गर्न जाँदैछु, तपाईहरु दुवै गलत हुनुहुन्छ, र म सहि छु।” तपाईलाई थाहा छ तपाईले कसरी...तपाईहरुसँग यसरी तनाबमा मानिसहरु छन्, तपाईसँग केहि समयमा एक पटक हास्यको भाव हुनुपर्छ, त्यसलाई एक तरिकाले थोरै आराम गर्नको लागि। त्यसैले मैले भने, “म तपाईहरु दुवै जना गलत हुनुहुन्छ, म सहि छु भनि प्रमाणित गर्न गईरहेको छु।”

220 मैले भने, “अब भाई नेसलाई सम्मंत दर्शाउन चाहे भने के हुन्छ, म भन्नेछु...”

221 वा, वा भाई हिक्स यहाँ हुनुहुन्छ, हेर्नुहोस्। म भन्नेथिए, “हिक्स!” अब, के त्यो राम्रो सुनिन्छ? होइन। ठिक छ, के हुन्छ यदि मैले यो भने, “डाक्टर! हे, डक्! यो कस्तो छ?” अब, यो असम्मान देखिन्छ, होइन र?

222 “जबा,” मैले भने, “त्यो तरिकामा तपाई एसेम्ब्लिजहरुले गर्नुहुन्छ, हेर्नुहोस्। जब तपाई एसेम्बली भाईहरु भन्नुहुन्छ, ‘पिता, र पुत्र, र पवित्र आत्माको नाममा,’ तपाईले केवल भन्नुहुन्छ, ‘रेभरेन्ड, डाक्टरको नाममा।’”

223 र मैले भने, “त्यसो भए, तपाई एकवादी भाईहरु, जब तपाईले बप्तिष्मा गर्नुहुन्छ, तपाई भन्नुहुन्छ, ‘येशू!’” तिनीहरुले त्यो प्रयोग गर्दैनन्...

224 तिनीहरु, येशू मात्रै, केवल “येशू” नाम मात्रै प्रयोग गर्छन्। त्यहाँ केवल धेरै येशूहरु छन्। तर, यो प्रभु येशू ख्रीष्ट हो, तपाई देख्नुहुन्छ। त्यहाँ धेरै... “येशू” को नाममा बप्तिष्मा दिन्छन्, म निश्चित रूपमा त्यसमा जाँदिन; त्यहाँ कुनै धर्मशास्त्र छैन। तपाई सक्कल लिनुहोस्, हेर्नुहोस् त्यहाँ “प्रभु येशू ख्रीष्ट” छ कि छैन भनेर। निश्चित रूपमा, उहाँ प्रभु येशू ख्रीष्ट हुनुहुन्छ। त्यहाँ धेरै येशूहरु छन्, पक्कै पनि। र *ख्रीष्ट* “अभिषिक्त” हुनुहुन्छ।

225 मैले भने, “अब, यदि मैले उही कुरा भाई नेसलाई भन्न जाँदै थिए भने। म भन्ने थिए, के यो मेरो लागि सहि सुनिन्छ, ‘हे, नेस!’?” मैले भने, “त्यो तरिकामा तपाई एकवादीहरुले भन्नुहुन्छ। बुझ्नुभयो? पढेको र डाक्टरको डिग्री लिएको मानिसको लागि अपमानजनक अनादर होइन

र? यदि उहाँले त्यसको लागि कडा परिश्रम गर्नुभएको छ भने, उहाँले त्यो उपाधि पाउनुपर्छ।”

226 र मैले भने, “तब यदि मैले भने, ‘हे डक्!’” मैले भने, “के त्यो खरो सुनिदैन, एउटा सेवकले अर्को सेवकलाई सम्बोधन गर्नको लागि?” वा, मैले भने, “त्यहि नै तरिकामा तपाईले गर्नुपर्छ, केवल उपाधिको छेउबाट।”

227 तर मैले भने, “जब म मानिसलाई पानीमा लान्छु, म त्यहाँ जाग्छु र उसलाई सोध्छु, र बोल्छु, र उहाँको नाम र उहाँ को हुनुहुन्छ सो थाहा गर्छु, र उहाँको विश्वास जान्छु।

228 “त्यसपछि म प्रार्थना गर्छु, र भन्छु, ‘अब, पिता, जसरी तपाईले हामीलाई आज्ञा गर्नुभएको छ “सारा संसारमा जाओ र जातीहरुलाई चेला बनाओ,...”’” तपाई दाजुभाईहरुलाई थाहा छ त्यो सक्कल हो भनि, हेर्नुहोस्। “‘“...सारा जातीलाई चेला बनाओ, तिनीहरुलाई पिता, र पुत्र, र पवित्र आत्माको नाउँमा बप्तिष्मा देओ; तिनीहरुलाई तिमीहरुले जानेको कुरा सिकाओ...ती सबैकुरा जुन तिमीहरुलाई सिकाईएको छ।”’”

229 “त्यसैले तब मैले भने, ‘तपाईको विश्वासको स्वीकारोक्तिमा; तपाईको पापको स्वीकारमा, र परमेश्वरको पुत्रमा तपाईको विश्वासले, म तपाईलाई बप्तिष्मा दिन्छु, मेरो प्यारो भाई, प्रभु येशू ख्रीष्टको नाममा।’”

230 मैले भने, “त्यो तरिकामा म बप्तिष्मा दिन्छु। म दुवै उहाँको उपाधि चिन्छु, उहाँ के हुनुहुन्थ्यो, दुवै पिता, पुत्र, र पवित्र आत्मा। र येशूले त्यसो भन्नुको कारण, थियो...”

231 अब हेर्नुहोस्। यदि—यदि त्यस्तो होइन भने, तपाईको धर्मशास्त्रमा विवाद छ; तपाईको एउटा अन्तर्विरोध छ। र तपाई के गर्न जानुहुन्छ जब... के हुन्छ यदि यो बुद्धिस्ट भाई उठ्नुहुन्छ र भन्छ कि, “*यसको* बारेमा के हो?” उनीहरुले के भन्नेछन् जब तिनीहरुले मलाई भने...

232 त्यहाँनिर, जब यो भारतीय भाईले मोरिस रिडहेडलाई चुनौती दिए, र उहाँलाई भने, भने, “मर्कूस १६ को बारेमा के हो?” उहाँले यसमा पछि हट्नुपर्ने थियो।

233 तपाईले केहिमा पनि पछि हट्नुपर्दैन। त्यो परमेश्वरको वचन हो। यसैसँग बस्नुहोस्। केवल प्रार्थना गर्नुहोस्। प्रकाश प्राप्त गर्नुहोस्। यो सबै उही तरिकामा चल्छ।

234 हेर्नुहोस्, तिनीहरु दुवैले कुरा भनिरहेका थिए, अब; कुनै उपाधि छैन; कुनै समतल। मैले भने, "अब..."

235 मैले उहाँलाई चिने। उहाँ पिता हुनुहुन्थ्यो; अर्को परमेश्वर होइन। उहाँ पिता हुनुहुन्थ्यो; अर्को परमेश्वर होइन। उही परमेश्वर! तपाई...यो तीनवटा कार्यले हो। परमेश्वर पितृत्वको व्यवस्थामा हुनुहुन्थ्यो, यदि तपाईले यो भन्न चाहनुहुन्छ भने, पितृत्वको; पुत्रत्व; र यो उही परमेश्वर हामीमा हुनुहुन्छ अब, "म तिमीहरुसँग हुनेछु।" "म," व्यक्तिगत सर्वनाम, "म तिम्रो साथमा हुनेछु।" त्यसैले, तपाई हेर्नुहोस्, यो तीनवटा कार्यलय हो, तिन परमेश्वरहरु होइनन्।

अब, भाई, यदि चेलाहरुले यो कहिल्यै प्रयोग नगरेको भए, र तल...

236 म यसको विरुद्धमा केहि भनिरहेको छैन। त्यो सहि छ। म तपाईलाई भन्छु, यदि कुनै मान्छे यहाँ बाहिर आउछ, "शेरोनको गुलाफ, घाटीको लिली, र बिहानीको तारा" को नाममा बप्तिष्मा भएको थियो, र येशू ख्रीष्टलाई उहाँको मुक्तिदाताको रूपमा विश्वास गर्नुभयो, म भन्नेछु, "परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्, भाई! आउनुहोस्, जाऔं!" बुझ्नुभयो? त्यो सहि हो। किनकि, यदि तपाईको हृदय सहि छैन भने, तपाई यसै पनि, सहि हुनुहुन्न। एकदम ठिक हो। र तपाई—तपाईको हृदय सही छ भने।

237 र म भने, "अब हेर्नुहोस्। अब, यदि म यहाँ भाई नेसलाई अभिवादन गर्न जाँदैछु भने, म भन्नेथिए 'रिभ. डा. नेस।' त्यो सहि हो। उहाँ एउटा सेवक हुनुहुन्छ। उहाँ एउटा आदरणीय रूपमा सम्मान गर्नुपर्छ। उहाँले धेरै अध्ययन गर्नुभएको छ, र धेरै अध्ययन। उहाँसँग एउटा डाक्टर डिग्री छ, त्यसैले उहाँलाई 'डाक्टर' भनेर बोलाउनुपर्छ। त्यो उहाँको उपाधि हो, हेर्नुहोस्। र यद्धपि, उहाँको नाम 'नेस' हो। अब, म यो भन्दिन, 'हे, नेस! हे, डक्!' होइन, त्यो सहि हुदैन। म भन्नेछु, 'रिभ. डा. नेस।'

238 "हेर्नुहोस्, म त्यहि नै बोलाउदैछु, हेर्नुहोस्, उहाँ जो हुनुहुन्छ; दुवै पिता, पुत्र, र पवित्र आत्मा, 'प्रभु येशू ख्रीष्ट।'" बुझ्नुभयो?

239 र मैले भने, "यदि मैले तपाईहरु सबैको मण्डलीबाट एउटालाई बप्तिष्मा दिए भने, त्यो तरिकामा म उनीहरुलाई बप्तिष्मा दिन्छु।" मैले भने, "के तपाई उहाँलाई स्वीकार गर्नुहुन्छ, भाई नेस?"

240 उहाँले भन्नुभयो, “निश्चित रूपमा। उहाँ पिता, पुत्र र पवित्र आत्माको नाममा बप्तिष्मा हुनुभएको छ।”

मैले भने, “के तपाई उहाँलाई स्वीकार गर्नुहुन्छ, भाई सिजम?”

उहाँले भन्नुभयो, “निश्चित रूपमा, उहाँ येशूको नाममा बप्तिष्मा हुनुभएको छ।”

241 मैले भने, “त्यसोभए तपाईहरुमा के समस्या छ, भाईहरु? किन तपाई त्यो स्वीकार गरेर, यी पर्खालहरु तोड्नुहुन्न जहाँ यी गरीब मानव जातिहरु छन्...? एकवादीहरुले वास्तवमै, मण्डली, उनीहरुले एसेमब्लिजसँग आराधना गर्न चाहन्छन्। र एसेमब्लिज, मण्डलीले, एकवादीहरुसँग आराधना गर्न चाहन्छन्। र भाईहरु त्यस तरिकामा छन्। तिनीहरु त्यस तरिकामा छन्। तर जबसम्म शैतानले तिनीहरुलाई लड्ने बनाउनसक्छ...”

242 अब तपाईले देख्नुहुन्छ मेरो मतलब के हो, भाईहरु? म त्यस एउटा कुरा तर्फ बढिरहेको छु, येशू ख्रीष्ट कहाँ, र येशू ख्रीष्टको शरीरलाई एकताबद्ध गर्न। त्यहि नै मेरो उदेश्य हो।

243 अब, म यसको बारेमा केहि पनि भन्दिन, “हे, तपाई येशूको नाममा बप्तिष्मा हुनुभएको छैन; तपाई नरक जानुहुन्छ।” अब, त्यो वाहियात हो।

244 म तपाईलाई गएको दिनमा के भएको थियो त्यो भन्छु। म तल टेक्सासमा थिएँ। निस्कनुभन्दा पहिला...र—यहाँ भएका भाईहरु यसको साक्षी हुनुहुन्छ। एकवादी मण्डली, बहत्तरवटा मण्डलीहरुले, मेरो सभालाई प्रायोजित गरे। र मैले भाई पेटीलाई राखे, एसेमब्लिज अफ गडको भाईलाई, त्यस रात त्यहाँ मंचमा राखे। अब तपाईलाई त्यो सहि हो भनि थाहा छ। उहाँ अनमोल भाई हुनुहुन्छ, भाई पेटी, तपाईहरु कसैले उहाँलाई चिन्नुहुन्छ, जो ब्युमन्ट, टेक्सासबाट हुनुहुन्छ। उहाँ मैले भेटेकाहरु मध्येको एउटा उत्कृष्ट मानिस हुनुहुन्छ। उहाँकि श्रीमती धर्मान्तरित क्याथोलिक हुनुहुन्छ, एउटा सच्चा धार्मिक महिला। उहाँ परमेश्वरको एउटा सच्चा मानिस हुनुहुन्छ।

245 मलाई भन्नुहोस्, एसेमब्लिज अफ गडको रोय विडभन्दा राम्रो मानिस को हुनुहुन्छ। यी पुरुषहरु मध्ये कुनै पनि उल्लेख गर्नुहोस्, यहाँ हेर्नुहोस्, यहाँ मैले चिनेका यी सबै भाईहरु। यहाँ फिलाडेल्फीयन मण्डलीबाटको भाई, र एसेमब्लिज अफ गडका मानिसहरु, र कुनै राम्रो मानिसहरु को छन्? मलाई भन्नुहोस् कहाँ छ। मलाई भन्नुहोस् ज्याक मोरभन्दा राम्रो मानिस को

छ? मलाई त्यो भन्नुहोस्। उहाँ एउटा त्यो हुनुहुन्छ जसलाई तिनीहरुले के भन्छन्...तिनीहरु उनीहरुसँग पर्छन्। उहाँ एउटा कट्टरपन्थी हुनुहुन्न। तपाईले दुवै पक्षमा कट्टरपन्थी भेट्नुहुन्छ; र त्यहिनिर हो जहाँ मानिसहरुले औँल्याउछन्, र त्यहिनिर हो जहाँ शैतानले औँल्याउछ।

246 तर तिनीहरु सबै परमेश्वरका मानिसहरु हुन्। परमेश्वरले उहाँहरुलाई पवित्र आत्मा दिनुभएको छ। यदि यो परमेश्वरको अनुग्रहको लागि होइन भने, हामीहरु सबै गईसकेका हुनेथियौ, हाम्रा झगडा र त्यस्ता कुराहरुको कारणले। त्यो एकदम सहि हो। तर परमेश्वरको अनुग्रहले हामीलाई एकसाथ बाँध्दछ। हामी गाउनसक्छौ, "त्यो अनुबन्धन धन्यको हो जसले हाम्रा हृदयहरु इसाई प्रेमले बाँध्दछ।" त्यहि नै हामीलाई चाहिन्छ, तब।

247 र त्यसैले के तपाईलाई थाहा छ? मण्डलीमा—महानिर्देशकले, मलाई बोलाउनुभयो, र उहाँले मलाई भन्नुभयो, "के तपाईलाई थाहा छ तपाईले गत राति के गर्नुभयो?" त्यहाँ मेरो दोश्रो रात थियो।

मैले भने, "के गरे?" मैले भने, "एकदम राम्रो सभा गरे।"

भन्नुभयो, "तपाईले तपाईको पुल्पिटमा एउटा पापीलाई ल्याउनुभयो।"

मैले भने, "मलाई यो थाहा थिएन।" कहाँ थियो...

भन्नुभयो, "त्यो श्रीमान पेटी।"

248 "ओ," मैले भने, "एउटा पापी? के?" मैले भने, "उहाँ एउटा एसेमब्लि अफ गडको प्रचारक, भाई हुनुहुन्छ।"

249 उहाँले भन्नुभयो, "हो, तर ऊ अझै पनि एउटा पापी हो, किनकि उहाँको अहिलेसम्म राम्ररी बप्तिष्मा भएको छैन।"

250 र मैले भने, "भाई, कृपया मलाई भन्नुहोस् किन।" मैले भने, "उहाँले पवित्र आत्मा पाउनुभएको छ।"

251 उहाँले भन्नुभयो, "भाई ब्रन्हाम, पत्रुसले के भन्यो? 'पश्चाताप गर, र आफ्नो पापहरुको क्षमाको लागि येशू ख्रीष्टको नाममा बप्तिष्मा लेओ।' त्यसैकारणले तपाई येशूको नाममा बप्तिष्मा नभएसम्म तपाईको पापहरु क्षमा हुनसक्दैन।"

मैले भने, "के त्यो सूत्र हो, मेरो भाई?"

उहाँले भन्नुभयो, "त्यो सूत्र हो।"

252 मैले भने, "त्यसोभए परमेश्वर आफ्नै स्याउको ठेलालाई बिगार्नुभोय, प्रेरित १०:४९ मा, किनकि, 'पत्रुसले यी शब्दहरु बोलिरहदा, पवित्र आत्मा तिनीहरुमा झर्नुभयो जसले वचन सुनिरहेका थिए,' हेर्नुहोस्, र तिनीहरुको कहिल्यै पनि, बप्तिष्मा समेत भएको थिएन। त्यसपछि, परमेश्वरले ती मानिसहरुलाई पवित्र आत्मा दिनुभयो जसले उहाँमा विश्वास गरेर परिवर्तनसम्म भएका थिएनन्?" मैले भने, "अब तपाई संसारमा कहाँ उभिदै हुनुहुन्छ?"

